नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

## महतोले सिडिओ कार्यालय खारेज अभियान चलाउने

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
राष्ट्रिय मुक्ति क्रान्ति अभियान चलाइरहेका नेता राजेन्द्र महतोले नयाँ अभियान चलाउने भएका छन्, त्यो होः जिल्ला प्रशासन कार्यालय (सिडिओ कार्यालय) खारेज अभियान । उनले असोज ३ गते संविधान



*बाँकी पृष्ठ २ मा*

वर्ष २ | अंक २२९ | २०८१ साल असार २४ गते सोमबार | Monday 08, July 2024 | सूर्योदयः बिहान ५:१८ बजे | सूर्यास्तः साँझ ७:०३ बजे | पृष्ठ ८ | मूल्य रु. ५/-

## कांग्रेसबाट नयाँलाई सरकारमा अवसर

प्रदेश सभामा कांग्रेसको २२ सिट छ । २५ सिटको नेकपा एमाले ४ मन्त्रालय लिएर सरकारमा छ । एमालेले पनि कांग्रेस र आफूहरुको सरकारमा समान हैसियत हुन नसक्ने बताएको छ । कांग्रेसलाई चार मन्त्रालय दिए एमालेले थप एक मन्त्रालय पाउनुपर्ने एमालेको माग छ ।

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेपाली कांग्रेसले मधेश सरकारमा सहभागी हुने ४ जना मन्त्रीको नाम टुंगो लगाएको छ । आइतबार बसेको कांग्रेस मधेश प्रदेशसभा संसदीय दलको बैठकले सरकारमा पठाउन ४ जनाको नाम टुंग्याएको हो । यद्यपि मधेश प्रदेश सरकारमा कांग्रेसलाई ३ मन्त्रालय मात्र दिन सकिने भन्दै मुख्यमन्त्री सतिश कुमार सिंहले सन्देश पठाएका छन् । यसपछि कांग्रेसले सिफारिस भएका मन्त्रीहरुको नाम सार्वजनिक गरेको छैन ।

कांग्रेस स्रोतका अनुसार, रौतहटका सुनिल यादव, पर्साका जनार्दन क्षेत्री, धनुषाका शेषनारायण यादव र कौशल किशोर रायलाई सरकारमा पठाइन लागिएको हो । कांग्रेसले चार जनाको नाममा छलफल गरे पनि मुख्यमन्त्री सिंहले तीनवटा मात्र मन्त्रालय दिने तयारी गरेका छन् । प्रदेश सभामा कांग्रेसको २२ सिट छ । २५ सिटको नेकपा एमाले ४ मन्त्रालय लिएर सरकारमा छ । एमालेले पनि कांग्रेस र आफूहरुको सरकारमा समान हैसियत हुन नसक्ने बताएको छ ।

कांग्रेसलाई चार मन्त्रालय दिए एमालेले थप एक मन्त्रालय पाउनुपर्ने एमालेको माग छ । मुख्यमन्त्री सिंहले नेपाली कांग्रेस र नेकपा एमालेलाई यस विषयमा छलफल गर्न बोलाएका छन् । केन्द्रमा कांग्रेस र एमालेको समीकरण बनेपछि मधेशमा जनमत सरकारलाई निरन्तरता दिने सहमति भएको थियो । कांग्रेस र लोसपालाई सरकारमा सहभागी गराउन मुख्यमन्त्री सिंहले माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादीका ६ मन्त्रीलाई शनिबार बर्खास्त गरेका थिए ।

यता, सरकारमा यसअघि अवसर नपाएकालाई मात्रै मन्त्री बनाउने मापदण्ड निर्धारण गरेर नेपाली कांग्रेसले नाम छनौट गरे पनि पार्टीभित्रका नेताहरुको गुटबाट नाम सिफारिस भएको पाइएको छ । मन्त्रीको नाम आधिकारिकरुपमा सार्वजनिक पनि गरिएको छैन भने अर्थ मन्त्रालय, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, खानेपानी, सिँचाई तथा ऊर्जा मन्त्रालय र उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयमा दाबी गरिरहेकोक छ ।

कांग्रेसका विभिन्न चार जना नेताले प्रदेशमा आफ्ना नेताहरुलाई मन्त्री बनाउन लबिङ गरेको विषय पनि बाहिरिएको छ । कांग्रेस नेता रमेश रिजालका तर्फबाट जनार्दन क्षेत्री, महेन्द्र यादवका तर्फबाट शेषनारायण यादव, कृष्ण यादवका तर्फबाट सुनिल यादव र शेखर कोइरालाका तर्फबाट कौशल किशोर रायलाई मन्त्रीको अवसर बाँडफाँड भएको भन्दै कांग्रेस वृत्तमा नेताहरुको भागवण्डामा असन्तुष्टि पनि छाएको छ । उसो त प्रभावशाली नेता आनन्द प्रसाद ढुंगानाका तर्फबाट धनुषाका संजय कुमार महतोले यसअघि नै प्रदेशसभाको विषयगत समिति अन्तर्गत कृषि समिति सभापतिको मौका पाएको पनि सूचना बाहिर आएको छ । कांग्रेसले शनिबार मात्र प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहलाई विश्वासको मत दिएको थियो ।

## जसपा नेपालद्वारा प्रदेश सभा बैठक अवरुद्ध

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
आगामी आर्थिक वर्षको बजेट र रातो किताबमा संशोधन माग गर्दै जसपा नेपालले मधेश प्रदेश सभा बैठक अवरुद्ध गरेको छ । बजेटमा छलफल गर्ने कार्यसूची रहेको आइतबारको प्रदेश सभा बैठकको शुरुमै जसपा नेपालका प्रदेश सांसद राजुप्रसाद गुप्ताले सरकारको आधिकारिक धारणा माग गरेका थिए ।

उनले असार १६ गते चार दलले मुख्यमन्त्रीलाई तीनसूत्रीय मागसहित ध्यानाकर्षण पत्र बुझाउँदासमेत अहिलेसम्म सम्बोधन नभएकाले बैठक चल्न नदिइने बताए । त्यसपछि सभामुख रामचन्द्र मण्डललेले शुक्रबारको बैठक अवरुद्धपछि विनियोजन विधेयक संशोधन गर्ने सहमति भइसकेको जानकारी गराउँदै बैठक चल्न दिन आग्रह गरेका थिए । तर सांसद गुप्ताले त्यस विषयमा छलफल भए मात्र बैठक चल्न दिने बताएपछि जसपाका सांसदहरूले उठेर अवरोध गरेका थिए ।

सभामुख मण्डलले १० मिनेटका लागि बैठक स्थगित गरेका थिए । पौने १ बजे स्थगित भएको बैठक शुरु हुन सकेन ।

## गहवामाईको रथयात्रामा उर्लियो मानवसागर

“

*रथयात्रालाई शुभकामना दिन मधेश प्रदेश सरकारका मुख्यमन्त्री सतिश कुमार सिंह पनि वीरगंज आइपुगेका थिए । उनले गहवामाई मन्दिरमा पूजाआजा गरेर रथयात्रामा सहभागीलाई आभार प्रकट गरेका थिए । रथयात्राका सहभागी मुख्यमन्त्रीको सहभागिताले थप उत्साहित भएका थिए ।*



**मधेशदृष्टि**
**वीरगंज ।**
गहवामाई मन्दिर पुनर्व्यवस्थापनको १२ औँ वार्षिकोत्सव पारेर आयोजित दोश्रो रथयात्रा आइतबार भव्य भएको छ । ऐतिहासिक गहवामाई मन्दिरको १२ औँ वार्षिकोत्सव पारेर दोश्रोपटक निकालिएको रथयात्रामा भक्तजनको सागर उर्लिएको थियो ।

गहवामाई मन्दिरको प्राङ्गणबाट आइतबार बिहान ६:३० बजे प्रारम्भ भएको रथयात्रा महानगरको घण्टाघर, रेलवे रोड, अमर चोक, छपकैया चोक, बिर्ता चोक, अलख्या मठ, आदर्शनगर चोक, महावीर स्थान हुँदै पुनः गहवामाई मन्दिरमै फर्किएर समापन भएको थियो । रथयात्रमा हिन्दू धर्म र संस्कृति झल्कने विभिन्न झाँकीसहित तराई–मधेशका प्रचलित लोकबाजाका झाँकी पनि प्रस्तुत भएको थियो ।

रथयात्रामा सहभागी भक्तजनका लागि विभिन्न सामाजिक संघसंस्थाले नगरका ठाउँठाँउमा चिसो पानी, सर्वत, लस्सी र जुस निःशुल्क उपलब्ध गराएर सद्भाव देखाएका थिए । रथयात्रामा बारा, पर्सा, मकवानपुर र छिमेकी मुलुक भारतका सीमावर्ती शहरबाट पनि हजारौँको संख्यामा भक्तजनको सहभागिता रहेको रथयात्रा समितिका अध्यक्ष श्याम पोखरेलले बताए ।

उनले आइतबार साँझ भजन किर्तन तथा अन्य सांस्कृतिक कार्यक्रम गरेर आइतबारको कार्यक्रम सम्पन्न भएको जानकारी दिए । यस्तै, असार २४ गते सोमबार बेलुका ५ बजे प्रसाद ग्रहण कार्यक्रम रहेको आयोजकले जनाएको छ । काठको रथमा यसपटक विभिन्न दाताको सहयोगमा ३५ लाख रुपैयाँ बराबरको करिब २८ केजी चाँदीबाट निर्मित डोलीमा गहवामाईको प्रतिमा राखेर रथयात्रा गरिएको रथयात्रा समितिका अध्यक्ष पोखरेलले बताए ।

उनले चाँदीको प्रतिमाबाहेक यसपटकको रथयात्रामा करिब २० लाख रुपैयाँ खर्च हुने बताए । गतवर्ष रथयात्रामा ६० लाख रुपैयाँ संकलन भएकामा ४० लाख रुपैयाँ खर्च भएको र २० लाख रुपैयाँ बचत भएको अध्यक्ष पोखरेलले बताए । यस्तै, रथयात्रामा भक्तजनको बढी सहभागिता जनाउन लागि वीरगंज महानगरपालिकाले नगर क्षेत्रभित्रका शिक्षण संस्था एक दिनका लागि बन्द गराएको थियो भने २ दिनसम्म माछामासु तथा मदिरा बिक्री वितरणमा रोक लगाएको थियो ।

वीरगंजलाई धार्मिक पर्यटन केन्द्र बनाउने उदेश्यले विभिन्न समयमा महाआरती, रथायात्रालगायतका कार्यक्रम हुँदै आएका छन् । सोहीअनुरुप आइतबार दोश्रोपटक रथयात्रा निकालिएको वीरगंज महानगरपालिका कार्यालयले जनाएको छ । २०८० असार ५ गते पहिलोपटक वीरगंजमा रथयात्रा निकालिएको थियो । यसवर्ष दिइएको निरन्तरतामा सोचेभन्दा बढी भक्तजनको सहभागिताले आयोजक हौसिएका मात्र छैनन्, रथयात्राक्रममा स्थानीयले देखाएको सद्भावले पनि वीरगंजमा हिन्दू धर्मावलम्बीहरुले धार्मिक सहिष्णुतासहित सद्भावको सन्देश पनि दिएका छन् ।

वीरगंज महानगरका प्रमुख राजेशमान सिंहले वीरगंजलाई वैभव वीरगंज बनाउने गरी काम भइरहेको बताए । उनले वीरगंजलाई धार्मिक पर्यटन क्षेत्र बनाउने गरी महानगरले काम गरिरहेको बताए । ‘मुहारमा मुस्कान, जिन्दगीमा शैली जरुरी छ,’ नगरप्रमुख सिंहले भने, ‘आगामी वर्षहरुमा अरु भव्य र सुन्दर रथयात्रा गरिनेछ ।’



रथयात्रालाई शुभकामना दिन मधेश प्रदेश सरकारका मुख्यमन्त्री सतिश कुमार सिंह पनि वीरगंज आइपुगेका थिए । उनले गहवामाई मन्दिरमा पूजाआजा गरेर रथयात्रामा सहभागीलाई आभार प्रकट गरेका थिए । रथयात्राका सहभागी मुख्यमन्त्रीको सहभागिताले थप उत्साहित भएका थिए ।

## बाढीपहिरोमा ४८ को मृत्यु, ५४ घाइते

**मधेशदृष्टि**
**काठमाडौँ ।**
अविरल वर्षाका कारण आएको बाढीपहिरोलगायतका विपद्मा परेर ४८ नागरिकले ज्यान गुमाएका छन् । जेठ २८ गतेदेखि देशका विभिन्न स्थानमा आएको बाढी र पहिरोमा परी आइतबार दिउँसोसम्म ४८ जनाको मृत्यु भएको केन्द्रीय प्रहरी प्रवक्ता एवम् प्रहरी नायब महानिरीक्षक दानबहादुर कार्कीले बताए ।

बाढीपहिरोमा परेर काठमाडौँ एक, कोशी प्रदेशमा ११, मधेस प्रदेशमा दुई, बागमती प्रदेशमा दुई, गण्डकी प्रदेशमा १९, लुम्बिनी प्रदेशमा १०, कर्णाली प्रदेशमा दुई तथा सुदूरपश्चिम प्रदेशमा एक जनाको मृत्यु भएको छ । यसैगरी, बाढीपहिरो तथा विपद्का कारण काठमाडौँ तीन, कोशी प्रदेशमा ११, मधेस प्रदेशमा चार, बागमती प्रदेशमा चार, गण्डकी प्रदेशमा १८, लुम्बिनी प्रदेशमा दुई, कर्णाली प्रदेशमा ११ तथा सुदूरपश्चिम प्रदेशमा एकसहित ५४ जना



**खुल्यो कोसी ब्यारेजका ढोकाः** अविरल वर्षापछि आइतबार बहाव उच्च भएको सप्तकोशी नदी तथा पृष्ठभूमिमा कोसी ब्यारेज । आइतबार दिउँसो सप्तकोसी नदीको बहाव तीन लाख ८६ हजार ७ सय ३५ क्युसेक पुगेको छ भने ब्यारेजका सबै ५६ वटा ढोका खोलिएको छ । तस्बिरः नवीन गड्तौला

*बाँकी पृष्ठ २ मा*

## खेलकुदको विकासमा सरकार गम्भीरः मुख्यमन्त्री

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश सरकारका मुख्यमन्त्री सतिश कुमार सिंहले खेलकुदको विकासमा मधेश सरकार गम्भीर रहेको बताएका छन् । उनले यसका लागि विशेष बजेट व्यवस्था गरिने बताए ।

आइतबार महेन्द्रनारायण निधि सांस्कृतिक केन्द्रमा आयोजित मधेश प्रदेश स्पोर्ट्स फर अल कमिसन ओलम्पिक दिवस २०२४ समापनमा मुख्यमन्त्री सिंहले यस्तो बताएका हुन् । उनले थपे, ‘पहिले आमाबाबुलाई खेलकुदमा रुचि राख्ने बच्चाको चिन्ता थियो। तर आज समय बदलिएको छ, देशविदेशमा आफ्नो प्रतिभा देखाउने खेलाडीले आफ्नो



*बाँकी पृष्ठ २ मा*

# कांग्रेस र एमालेले मागे मुख्यमन्त्रीको राजीनामा



**कैलाली ।**
नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री दीर्घबहादुर सोडारीको राजीनामा माग गरेका छन् । दुवै पार्टीले आइतबार संयुक्त विज्ञप्ति जारी गर्दै सुदूरपश्चिम प्रदेशमा नयाँ सरकार गठनका लागि मार्ग प्रशस्त गर्न मुख्यमन्त्री सोडारीको राजीनामा माग गरेका हुन् । केन्द्रमा कांग्रेस र एमालेबीच सरकार गठनका लागि सहकार्यको सहमति भइसकेपछि यहाँ पनि एमालेले मुख्यमन्त्री सोडारीलाई दिएको समर्थन फिर्ता लिइसकेको छ । समर्थन फिर्ता लिएसँगै मुख्यमन्त्री सोडारीको प्रदेश सरकार अल्पमतमा परेको छ ।
सोडारी नेपाल कम्युनिष्ट पार्टी (एमाले), नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र), नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी), नागरिक उन्मुक्ति रञ्जिता पक्षको समर्थनमा मुख्यमन्त्री बनेका थिए । कांग्रेस प्रदेशसभाका संसदीय दलका नेता कमलबहादुर शाह र एमाले संसदीय दलका नेता राजेन्द्रसिंङ रावलद्वारा जारी संयुक्त विज्ञप्तिमा भनिएको छ, 'बहुमत गुमाइसकेको अल्पमतको सरकारले दैनिक कामकाज बाहेक अन्य कुनै पनि काम सम्पादन नगर्न र नगराउन समेत आग्रह गर्दछौं ।' रासस

# बङ्गलादेशमा नेपालको पर्यटन प्रवर्द्धन



**काठमाडौँ ।**
बङ्गलादेशबाट बढीभन्दा बढी पर्यटक नेपाल भित्र्याउने उद्देश्यले त्यहाँ नेपालको पर्यटन प्रवर्द्धन गरिएको छ । पर्यटन प्रवर्द्धनका लागि बङ्गलादेश गएको होटल सङ्घ नेपालको प्रतिनिधिमण्डलले त्यहाँका एक सयभन्दा बढी ट्राभल, टूर पर्यटन व्यवसायीसँग बीटूबी मिटिङका साथै छिमेकको उपयुक्त पर्यटकीय गन्तव्यको रुपमा नेपालको प्रचारप्रसार गरेका हुन् । सङ्घका अध्यक्ष विनायक शाहको नेतृत्वमा गएको १८ सदस्यीय उक्त प्रतिनिधिमण्डल बङ्गलादेशमा नेपाल प्रवर्द्धन गरी आइतबार स्वदेश फर्किएको हो ।
होटल सङ्घ नेपाल, नेपाल पर्यटन बोर्ड र नेपाली दूतावास बङ्गलादेशको संयुक्त आयोजनामा यही असार २० देखि २३ सम्म बङ्गलादेशको राजधानी ढाकामा पर्यटन प्रवद्र्धनात्मक कार्यक्रम तथा बीटुबी कार्यक्रमआयोजना भएको थियो । पछिल्लो समय बङ्गलादेशबाट नेपाल आउने पर्यटकको संख्या बढिरहेको छ । भारत, तीन र अमेरिकापछि बङ्गलादेश नेपालको चौथो प्रमुख पर्यटनको स्रोत बजार हो । बङ्गलादेशबाट वार्षिक ३७ हजार हाराहारी पर्यटक नेपाल आउने गरेको व्यवसायीको भनाइ छ ।
सङ्घका अध्यक्ष विनायक शाहले बङ्गलादेशी पर्यटकहरु बिदा मनाउनका साथै कर्पोरेट गतिविधि, माइस टुरिजम, डेस्टिनेसन वेडिङ, हनिमुन टूरको माग बढ्दै गएको हुँदा खासगरी यी विषयमा जानकारी तथा प्याकेज सार्वजनिक गर्न सो कार्यक्रम फलदायी रहेको बताए । उनले कोरोना महामारीपछि मुलुकमा एकपछि अर्को तारे होटल थपिएका तथा केवलकारलगायत पूर्वाधार विस्तार भइरहेको सन्दर्भमा बढी भन्दा बढी बङ्गाली पर्यटक नेपाल ल्याउन कार्यक्रम उपयोगी भएको बताए । दुई देशबीच पर्यटन विकासका लागि गर्नुपर्ने प्रमुख कार्यलाई निरन्तर रुपमा सहकार्य गर्ने उद्देश्यले सोही कार्यक्रममा होटल सङ्घ नेपालले बङ्गलादेशका पर्यटन विकाससँग सम्बन्धित छुट्टाछुट्टै पाँच छाता सङ्गठनहरुबीच समझदारीपत्रमा हस्ताक्षर गरेको छ ।
दुई मुलुकका संस्थाबीच भएको सम्झौताले संयुक्त पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने सङ्घका अध्यक्ष शाहको भनाइ छ । उनले पर्यटन प्रवद्र्धनमा आउँदा दिनमा दुवै संस्थाले योजनाबद्ध कार्यक्रम लैजाने भन्दै त्यसका निम्ति हवाई सम्पर्क सञ्जाललाई प्रभावकारी र सहुलित बनाएर जान सकेको खण्डमा पर्यटक आगमन बढ्ने धारणा राखे । त्यसक्रममा बङ्गलादेशका लागि नेपालका राजदूत घनश्याम भण्डारीले दुई छिमेकी मुलुकबीच पर्यटन प्रवर्द्धनको प्रचुर सम्भावना भएको सो कार्यक्रम फलदायी रहेको बताएका थिए ।
बोर्डका निर्देशक लक्ष्मण गौतमले उपयुक्त पर्यटन गन्तव्यका रुपमा बङ्गलादेशीहरुलाई नेपालमा रहेको आकर्षण तथा पर्यटकीय गतिविधिबारे सचित्र विस्तृत प्रस्तुतिकरण गरेका थिए । सोही कार्यक्रममा बङ्गलादेशी पर्यटन व्यवसायी तथा सरकारका तर्फबाट बङ्गलादेश पर्यटन बोर्डका उपनिर्देशक साइफुल हसनले नेपालमा भएको पर्यटन विकासबाट अभिप्रेरित रही आपसी सहकार्य बढाउँदै जाने बताए । त्यस अवसरमा बङ्गलादेशका सगरमाथा आरोही निशात मजुमदार र बबर अलिलाई अभिनन्दन गरिनुका साथै त्यहाँ अध्ययनरत नेपाली विद्यार्थीहरुले नेपाली सांस्कृतिक कार्यक्रम प्रस्तुत गरेका थिए । रासस

# बाढीबाट प्रभावित राष्ट्रिय राजमार्ग सञ्चालन गर्न माग

नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघ स्थापना

**काठमाडौँ ।**
नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घले बाढीबाट प्रभावित राजमार्ग तथा सडक तत्काल सञ्चालन गर्न सरकारसँग माग गरेको छ ।
महासङ्घका महासचिव डेकनाथ गौतमले आइतबार विज्ञप्ति जारी गरी अविरल वर्षाका कारण गएको बाढीपहिराबाट राष्ट्रिय राजमार्ग, सहायक राजमार्ग र ग्रामीण सडकमा क्षति पुगेकाले तत्काल मर्मत तथा वैकल्पिक व्यवस्था गरी सडक खुलाउन सरकारसँग माग गरेका हुन् ।
'अविरल वर्षाका कारण बाढीपहिराबाट ठूलो जनधनको क्षति भएको छ, कयौँ राष्ट्रिय राजमार्ग तथा ग्रामीण सडक बन्द भएका छन्, जसका कारण यात्रुहरू विचल्लीमा परेका छन् । मर्मत तथा डाइभर्सन बनाएर सडक सञ्चालन गर्ने वातावरण बनाउनुपर्छ' महासचिव गौतमले भने । महासङ्घले देशभरका जुनसुकै स्थानबाट सेवा सञ्चालन गर्दा आफ्नो गन्तव्य स्थानसम्म पुग्ने बाटोको अवस्थाबारे पूर्णरुपमा जानकारी लिएर मात्र यात्रा गर्न र सवारी साधन सञ्चालनका लागि अपिल गरेको छ । बन्द भएका सडक खुलाउने कार्यमा सुरक्षाकर्मी परिचालन भइसकेकाले सुरक्षाकर्मीसँग सहकार्य गरेर यातायात सञ्चालन गर्नसमेत सबै व्यवसायीलाई महासङ्घले अनुरोध गरेको छ । रासस

# विपद् प्रतिकार्यलाई प्रभावकारी बनाउन ध्यानाकर्षण



**काठमाडौँ ।**
प्रतिनिधिसभाका सांसदहरुले निरन्तरको वर्षासँगको बाढी र पहिराबाट सिङ्गो मुलुक प्रभावित भएकाले प्रतिकार्यलाई प्रभावकारी बनाउन सरकारको ध्यानाकर्षण गराएका छन् । प्रतिनिधिसभाको आइतबारको बैठकमा उनीहरुले नागरिकको जीउधनको रक्षा गर्न सरकार गम्भीर हुनुपर्नेमा जोड दिँदै विपद्मा परेका नागरिकको उद्धार तथा राहत वितरणलाई प्रभावित बनाउन माग गरे । सांसद शङ्कर भण्डारीले मुलुकभर विपद् जोखिम न्यूनीकरण तथा प्रतिकार्यका लागि तयारी अवस्थामा रहन सरकारसँग आग्रह गरे । '७७ वटै जिल्लामा सम्भावित जोखिमको पूर्वानुमान गरेर उद्धारलाई पहिलो प्राथमिकतामा राख्नुपर्छ । नागरिकको जीउधनको रक्षा गर्न सरकार गम्भीर हुनुपर्छ' उनले भने ।
सांसद नारायणप्रसाद आचार्यले पाल्पाको निस्दी, पूर्वखोला, माथागढी, रम्भा र रैनादेवी छहरालगायत ग्रामीण क्षेत्रमा सडक र विद्युत् सेवा अवरुद्ध भएको जानकारी दिँदै अत्यावश्यक सेवा सञ्चालन गर्न सरकारको ध्यानाकर्षण गराए । सांसद हितराज पाण्डेले लगातारको वर्षाका कारण देशका विभिन्न भागमा जनधनको क्षति भएको जनाउँदै विपद्मा परेका नागरिकको उद्धार तथा राहत वितरणमा केन्द्रित हुन सरकारको ध्यानाकर्षण गराए । बाढी र पहिरोमा परी निधन भएकाप्रति श्रद्धाञ्जली प्रकट गर्दै बेपत्ताको खोजी गर्न तथा घाइतेको उपचारको प्रबन्ध मिलाउन उनले सरकारको ध्यानाकर्षण गराए । सांसद सूर्यबहादुर थापा क्षेत्रीले मनसुनजन्य विपद्मा परेका नागरिकको उद्धार तथा राहतमा सरकारको ध्यान पुग्न नसकेको बताए । बर्सेनि दोहोरिने विपद्का घटना न्यूनीकरण गर्न सरकारकाले विशेष योजना बनाउनुपर्नेमा जोड दिँदै उनले वर्षाका कारण अवरुद्ध सडक व्यवस्थित गर्न सरकारले ध्यान दिनुपर्ने बताए ।
सांसद छिरिङ ल्हामु लामा तामाङले वर्षाका कारण सडक भासिँदा कर्णाली राजमार्ग अवरुद्ध भएको जनाउँदै अवरुद्ध सडक तत्काल सञ्चालनका लागि सरकारको ध्यानाकर्णण गराए । सांसद अब्दुल खानले विकास निर्माणका परियोजनालाई प्राकृतिक प्रकोप प्रतिरोधी बनाउन माग गरे । सांसद राजु थापाले अविरल वर्षाका कारण सिङ्गो मुलुक प्रभावित भएको उल्लेख गर्दै प्रतिकार्यका कार्यक्रमलाई प्रभावकारी बनाउन सरकारको ध्यानाकर्षण गराए । रासस

# बाढीसम्बन्धी ३४ लाख एसएमएस सम्प्रेषण




काठमाडौँ ।
जल तथा मौसम विज्ञान विभागले २४ घण्टामा ३४ लाख एसएमएस सर्वसाधरणलाई सम्प्रेषण गरेको छ । विभागले नेपाल टेलिकम र एनसेलसँगको सहकार्यमा शनिबार मध्याह्न १२ देखि आइतबार १२ बजेसम्म मुलुकको विभिन्न स्थानमा परेको वर्षासँगै बाढी तथा पहिरोसम्बन्धी जानकारी दिन ३४ लाख बढीलाई एसएमएस सम्प्रेषण गरेको हो । विभागका प्रवक्ता सुनिल पोखरेलले बाढीबाट हुन सक्ने धनजनको क्षति न्यूनिकरण गर्ने लक्ष्यले जनचेतनाका लागि एकै दिनमा ३४ लाखको हाराहारीमा सर्वसाधरणलाई एसएमएस पठाएको जानकारी दिए ।
'बाढीको जोखिम भएका क्षेत्र आसपासमा बस्ने सर्वसाधरणलाई सचेत गराउन हामीले एसएमएस पठाएका हौँ', उनले भने, 'सर्वसाधारणको मोबाइलमा एसएसएस पठाएपछि जोखिममा परेका सुरक्षित स्थान जान सक्छन्, जोखिमयुक्त क्षेत्रमा आवतजावत गर्दा सचेतना अपनाउन सकिन्छ भनेर एसएमएस पठाउने गरेका छौँ ।' विभागका महानिर्देशक डा जगदीश्वर कर्माचार्यले यस वर्ष विभागले मनसुनजन्य घटना तथा जानकारीसम्बन्धी करिब ९० लाख एसएमएस सर्वसाधरणलाई पठाउने योजना बनाएको जानकारी दिए ।
'प्रत्येक दिन बिहान ६ बजे र बेलुकी ६ बजे मौसमी बुलेटिन प्रकाशन गर्छौं, यसले तीन दिनसम्मको मौसमसम्बन्धी जानकारी दिन सहयोग गरेको छ' उनले भने ।
बाढी र वर्षासम्बन्धी जानकारीका लागि टोल फ्री नम्बर ११५५ र उद्धार तथा मद्दत माग्न ११४९ को व्यवस्था गरिएको महानिर्देशक कर्माचार्यले जानकारी दिए । बर्सेनि ९० लाख हाराहारीमा एसएमएस सम्प्रेषण गरेर मनसुनजन्य विपत्तीबाट हुने क्षति न्यूनिकरण गर्ने प्रयास गरेका भन्दै यस वर्ष पनि सोही मात्रामा सम्प्रेषण गरिने उनले बताए । विभागका महानिर्देशक कर्माचार्यका अनुसार विभागसँगको समन्वयमा नेपाल टेलिकम र एनसेलले बाढीको पूर्वसूचना उपलब्ध गराउन निःशुल्क एसएमएस प्रवाह गर्ने समझदारीपत्रमा हस्ताक्षर (एमओयू) भएको छ । रासस

# संसदीय रिपोर्टिङसम्बन्धी प्रशिक्षण

**कर्णाली ।**
कर्णाली प्रदेशका सञ्चारकर्मीलाई संसदीय रिपोर्टिङसम्बन्धी क्षमता अभिवृद्धि प्रशिक्षण दिइएको छ । कर्णाली प्रदेश सरकार आन्तरिक मामिला तथा कानुन मन्त्रालयको आयोजना तथा संसदीय मामिला पत्रकार समाज, सुर्खेतको समन्वयमा क्षमता अभिवृद्धि प्रशिक्षण दिइएको हो । उक्त प्रशिक्षण कार्यक्रमको आज उद्घाटन गर्दै मन्त्रालयका सचिव रविलाल शर्माले उन्नत लोकतन्त्र, सभ्य एवं समृद्ध समाजका लागि वस्तुनिष्ठ पत्रकारिता आवश्यक रहेको बताए । 'पत्रकारिता संवेदनशील क्षेत्रको हो' उनले भने, 'हरेक कुरामा पत्रकार संवेदनशील हुनुपर्दछ । यसका लागि अध्ययन आवश्यक छ ।'
प्रदेशसभा सञ्चालन नियमावली, कार्यविधि र ऐनका विषयमा सही तरिकाले समाचार सम्प्रेषण गर्नुपर्ने उल्लेख गर्दै सचिव शर्माले नागरिकका आवाज सरकारसँग र सरकारका गतिविधि नागरिकसम्म पुर्याउन पत्रकारको अहम् भूमिका रहने बताए । प्रशिक्षक रामकृष्ण भण्डारीले संसदीय पत्रकारिताको इतिहास र विकासक्रमका विषयमा सहभागीहरूलाई प्रशिक्षण दिए । उनले संसद्मा पत्रकारको भूमिका कस्तो हुने भन्नेबारेमा पनि प्रष्ट्याए । नेपालमा संसदीय पत्रकारिताको सुरुआत र त्यसले आजसम्म आइपुग्दा खेलेको भूमिकाका विषयमा उनले जानकारी दिए । प्रदेशसभा सचिवालयका कानुन उपसचिव अर्जुन भुसालले प्रदेश तहको कानुन निर्माणको प्रक्रिया, प्रत्यायोजित अधिकार, विधेयकको प्रकार, सङ्घ, प्रदेश तथा स्थानीय तह (समन्वय तथा अन्तरसमन्वय) ऐन, २०७७ र विधेयक तर्जुमका लागि १३बुँदे अवधारणापत्रबारे जानकारी दिए । उनले सरकारी तथा गैरसरकारी विधेयक, त्यसका प्रकृति, स्वरुप र विशेषताका बारेमा समेत अवगत गराएका थिए । प्रशिक्षणमा कर्णालीका ४१ सञ्चारकर्मीको सहभागिता रहेको थियो ।

## खेलकुदको विकासमा सरकार...

परिवारसँगै देशको नाम पनि राखेका छन् ।' मुख्यमन्त्री सिंहले खेलकुदले अनुशासन सिकाउने बताए । उनले बालबालिकाले पढाइसँगै खेलकुदमा पनि रुचि राख्नुपर्ने बताए ।
कार्यक्रममा नेपाल स्पोर्ट्स खेलकुद आयोगका अध्यक्ष विष्णुगोपाल श्रेष्ठले क्रिकेट, जुडो कराते, बक्सिङलगायतका खेलमा पनि नेपाली खेलाडीले पहिचान बनाइरहेको बताए ।
जनकपुर उपमहानगरपालिकाका मेयर मनोजकुमार साहले जनकपुरधाममा अन्तर्राष्ट्रिय रामजानकी रंगशाला निर्माणका लागि जनकपुरधाम उपमहानगरपालिकाले पहल गरिरहेको बताए । पूर्वमेयर बजरंगप्रसाद साहको अध्यक्षतामा भएको कार्यक्रममा संविधानसभा सदस्य तथा नेपाल सरकारका पूर्वराज्यमन्त्री अरविन्दकुमार साह, नेपाली कांग्रेस धनुषाका सभापति योगेन्द्र पञ्जियार, वडाध्यक्ष रामचन्द्र पञ्जियार, सुरेश झा, परमेश्वर साह, नेपाल रेडक्रस धनुषाका अध्यक्ष नरेशकुमार सिंह, नेपाल केमिस्ट एन्ड ड्रगिस्ट एसोसिएसन धनुषाका अध्यक्ष प्रमोदकुमार अग्रवाल, जनकपुर पेट्रोलियम डिलर्स एसोसिएसनका वरिष्ठ उपाध्यक्ष ललितकुमार साह, बलराम साह, रीता घिमिरेलगायतको सहभागिता थियो ।
विभिन्न विद्यालयका उत्कृष्ट खेलाडीलाई मेडल र प्रमाण पत्र वितरण गरिएको थियो ।

## बाढीपहिरोमा ४८...

घाइते भएका छन् । घाइतेहरुको स्थानीय अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ । कोशी प्रदेशमा ४१, गण्डकी प्रदेशमा १२ सहित ५३ जनाको उद्धार गरिएको प्रवक्ता कार्कीले बताए ।
उनका अनुसार बाढीपहिरोमा परेर कोशी प्रदेशमा तीन, बागमती प्रदेशमा दुई, गण्डकी प्रदेशमा एक तथा कर्णाली प्रदेशमा एक जनासहित सात नागरिक बेपत्ता छन् । यसैगरी, बाढीका कारण एक सय २१ घर डुबानमा परेका छन् । ८२ घर, ४६ गोठ, ४१ पुल, एक विद्यालय र दुई सरकारी कार्यालयमा क्षति पुगेको छ । बाढीपहिरोमै परेर एक सय ८८ पशु चौपायको मृत्यु भएको छ । विपद्का घटनाबाट एक हजार ५८ घर परिवार विस्थापित भएका छन् ।
भारी वर्षाका कारण आइतबार पनि देशभरकै जनजीवन प्रभावित भएको तथा कोशी नारायणीलगायतका ठूला नदीमा जलसतह उच्च भएको प्रहरीले जनाएको छ । देशैभर तीनवटै सुरक्षा निकाय हाईअलर्टका साथ प्रभावित क्षेत्रमा परिचालन भई खोज तथा उद्धार जारी राखेको प्रहरी प्रधान कार्यालयले जनाएको छ ।

## महतोले...

दिवसका दिन संघीय सरकारको सबैभन्दा बलशाली निकाय जिल्ला प्रशासन कार्यालय खारेज अभियान शुरु गर्ने तयारी गरेका छन् ।
महतोले संविधानले नै नचिनेको सिडियो कार्यालय हटाउने अभियान देशैभर सञ्चालन गर्ने निर्णय गरेको राष्ट्रिय मुक्ति क्रान्तिका नेता सन्तोष मेहताले बताए । हालै सम्पन्न विस्तारित बैठकले देशभरका जिल्ला प्रशासन कार्यालय खारेजी मागसहित अभियान चलाउने र मागअनुसार कार्यालय खारेज नभए त्यसका विरुद्धमा सशक्त आन्दोलन गर्ने निर्णय भएको बताइएको छ ।

# एसइइ उत्तीर्ण १६ रौनियार छात्रछात्रालाई सम्मान



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
रौनियार सेवा समिति जनकपुरधाम र रौनियार युवा मञ्च जनकपुरधामले एसईई उत्तिण विद्यार्थीलाई सम्मान गरेको छ । एसइई परीक्षा २०८० उर्तिण गरेका रौनियार जातीका १६ जना छात्रछात्रालाई समितिले सम्मान तथा पुरस्कृत गरेको हो । रौनियार युवा मञ्चले आह्वान गरेको अवधीमा सम्पर्कमा आएका कूल १६ जना छात्रछात्रालाई नगद राशी, कदरपत्र र मेडलसहित सम्मान तथा पुरस्कृत गरिएको रौनियार युवा मञ्चका अध्यक्ष सन्तोष कुमार साहले जानकारी दिए । अध्यक्ष साहका अनुसार सो अवसरमा १६ जना छात्रछात्रामध्ये सबैभन्दा बढी जिपिए ल्याएर उर्तिण गरेका प्रतिक रौनियारलाई विशेष मेडल र नगद राशीसहित सम्मानित गरिएको थियो । प्रतिकले ३.९२ जिपिएसहित आफू अध्यन्नरत विद्यालय टप गर्दै उर्तिण भएका छन् । उक्त कार्यक्रममा जनकपुरधाम उपमहानगरपालिकाका मेयर मनोज कुमार साह, संरक्षक वरिष्ठ ई. चन्देश्वर प्रसाद रौनियार, सेवा समितिका अध्यक्ष राम प्रताप साह, पुर्व अध्यक्ष लालबाबु साह, अरुण कुमार गुप्ता, वरिष्ठ उपाध्यक्ष राधेश्याम गुप्ता, युवा मञ्चका पूर्व अध्यक्ष सुनिल साह, वर्तमान महासचिव पंकज कुमार आजाद, सम्मान कार्यक्रमका संयोजक रञ्जित कुमार गुप्ता र अभिभावकका तर्फबाट पत्रकार पुरनसाहले आ–आफनो धारणा राख्दै एसइईमा उतिर्ण छात्रछात्रालाई बधाई तथा आगामी उज्जव शैक्षिक भविष्यको शुभकामना व्यक्त गरेका थिए ।

# छुट्टाछुट्टै घटनामा पाँच जना पक्राउ

**मधेशदृष्टि**
**सर्लाही ।**
मधेश प्रदेशका विभिन्न जिल्लाबाट छुट्टा छुट्टै घटनामा संलग्न पाँच जनालाई पक्राउ गरिएको छ । सर्लाही, सिरहा, धनुषा र पर्साका विभिन्न स्थानीयहरुबाट प्रहरीले उनीहरुलाई पक्राउ गरेको हो । सर्लाहीको हरिवन नगरपालिका वडा नम्बर १० नयाँ रोड चोकबाट प्रतिबन्धित लागुऔषधसहित रौतहट चन्द्रपुर नगरपालिका वडा नम्बर २ बस्ने बर्ष २२ को बीरबहादुर मिजारलाई प्रहरीले पक्राउ गरेको छ । शनिबार साँझ प्रहरी चौकी हुङ्गेला सर्लाहीबाट खटिएको प्रहरी टोलीले चेकजाँच गर्ने क्रममा निजलाई उक्त लागुऔषधसहित नियन्त्रणमा लिएको हो । त्यसैगरी, सिरहाको मिर्चैया नगरपालिका वडा नम्बर ६ मटिअर्वाबाट पनि लागुऔषध ब्राउन सुगरसहित मिर्चैया नगरपालिका वडा नम्बर ६



मटिअर्वा बस्ने वर्ष २३ का शम्भु कुमार महरालाई शनिबार राति प्रहरीले पक्राउ गरेको छ । इलाका प्रहरी कार्यालय मिर्चैया सिरहाबाट खटिएको प्रहरी टोलिले चेकजाँच गर्ने क्रममा निजलाई उक्त लागुऔषधसहित नियन्त्रणमा लिइ थप अनुसन्धान गरिरहेको जनाएको छ । त्यसैगरी, धनुषा प्रहरीले सवारी ज्यानसम्बन्धी चालु मुद्दाका फरार प्रतिवादी सिराहा जिल्ला बरियापट्टी गाउँपालिका वडा नम्बर ३ बस्ने वर्ष ३८ का शिव कुमार रायलाई पक्राउ गरेको छ । इलाका प्रहरी कार्यालय खजुरीबाट खटिएको प्रहरी टोलीले जनकनन्दनी गाउँपालिका वडा नम्बर ४ स्थितमा डुलिरहेको अवस्थामा निजलाई पक्राउ गरेको र उनीमाथि पनि थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । त्यस्तै, प्रहरी सीमा सुरक्षा गुल्म वीरगंजबाट खटिएको टोलीले पनि लागुऔषधसहित एक जनालाई पक्राउ गरेको छ । रक्सौलबाट वीरगंजतर्फ आउँदै गरेका वीरगंजको छप्कैंया बस्ने १७ वर्षीय कुशल सिंह क्षेत्रीलाई लागुऔषधसहित वीरगंज महानगरपालिका वडा नम्बर १६ भन्सार मेनगेटबाट पक्राउ गरेको हो । सिंहलाई लागुऔषधसहित नियन्त्रणमा लिई आवश्यक कारवाहिकको लागि प्रहरी चौकी ईनरुवामा बुझाएको प्रहरीले जनाएको छ ।
रौतहटको गौर नगरपालिका वडा नम्बर १ भन्सार कार्यालय स्थितबाट लागुऔषध नाईट्राभेट ट्याब्लेट ३८ पिससहित रौतहट गरुडा नगरपालिका वडा नम्बर ४ बस्ने वर्ष १९ का रोहित रामलाई पनि प्रहरीले शनिबार साँझ पक्राउ गरेको छ । भन्सार सुरक्षा गार्ड रौतहटबाट खटिएको प्रहरी टोलीले भारतको बर्गिनियाबाट गौरतर्फ पैदल आउँदै गरेको अवस्थामा चेकजाँच गर्दा निजलाई उक्त लागुऔषधसहित पक्राउ गरेको हो । यस सम्बन्धमा थप अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ ।

# मोटरसाइकलको ठक्करबाट एक जनाको मृत्यु




**मधेशदृष्टि**
**सर्लाही ।**
सर्लाहीको हरिपुर नगरपालिका वडा नम्बर १ जानकीनगरमा मोटरसाइकलले ठक्कर दिँदा एक जनाको मृत्यु भएको छ । दुर्घटनामा सोही ठाउँका ३८ वर्षीय इन्द्रहरि पोखरेलको मृत्यु भएको हो । पोखरेललाई आइतबार राति गाउँको भित्री सडकमा उत्तरतर्फबाट बरहथवातर्फ गइरहेको ज ८ प ६८८९ नम्बरको मोटरसाइकलले ठक्कर दिएको थियो । मोटरसाइकलको ठक्करबाट गम्भीर घाइते भएका पोखरेललाई हरिवनमा सामान्य उपचारपश्चात् वीरगंजतर्फ लैजानेक्रममा रौतहटको चन्द्रनिगाहपुर पु¥याउँदा मृत्यु भएको इलाका प्रहरी कार्यालय हरिपुरले जनाएको छ । मोटरसाइकल र त्यसका चालक प्रहरी नियन्त्रणमा छन् ।

# चार लाख बिरुवा वितरण गरिने

**जलेश्वर ।**
डिभिजन वन कार्यालय महोत्तरीले चार लाख ५० हजार बिरुवा वितरण गर्ने भएको छ । डिभिजन वन कार्यालयबाट प्रत्येक वर्ष असार महिनामा बिरुवा वितरण हुँदै आएको थियो । यस वर्ष अघिल्लो वर्षभन्दा धेरै बिरुवा वितरण गर्ने लक्ष राखिएको डिभिजन वन कार्यालयका प्रमुख सन्तोष कुमार झाले बताए । प्रमुख झाका अनुसार कार्यालयले यसवर्ष २० देखि २२ प्रजातिका बिरुवा निःशुल्क वितरण सुरु गरेको छ । इच्छुक सेवाग्राहीका लागि यसवर्ष साल, टिक, मलेसियन साल, सतिसाल, अमला, अर्जुन, पारिजात, सहिजन, अम्बा, राजवृक्ष, मोहवनी, कटहर, सनी, बडहर, सनि कटिङ्ग, डाले घाँस, मेवा, कागती, खयर, जामुन, मसलालगायतका बिरुवा उत्पादन गरेको नर्सरी स्याहारकर्ता सुकेश्वर यादवले बताए । उनले यस वर्ष अन्य वर्षभन्दा धेरै बिरुवा उत्पादन गरिएको र किसानले आवश्यकताअनुसार बिरुवा लैजान पाउने बताए । डिभिजन वन कार्यालयले पहिलो पटक ठूलो संख्यामा बिरुवा वितरण गर्न लागेको हो । रासस

# वडामा स्थानीय मेलमिलाप केन्द्र स्थापना

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको पटेर्वा सुगौली गाउँपालिकाले वडा कार्यालयहरुमै स्थानीय मेलमिलाप केन्द्र स्थापना गरी सञ्चालनमा ल्याएको छ । गाँउपालिकाको न्यायिक समितिमा पर्ने उजुरीको छिनोफानो अब वडा–वडामै गर्ने उद्देश्यले पटेर्वा सुगौली गाउँपालिकाले पहिलो चरणमा वडा नम्बर २, ३ र ५ मा आइतबारदेखि विधिवत रुपमा स्थानीय मेलमिलाप केन्द्र स्थापना गरी सञ्चालनमा ल्याएको हो । आइतबार वडा नम्बर २ को वडा कार्यालयमा गाउँपालिका अध्यक्ष दिनेश चौधरीले स्थानीय मेलमिलाप केन्द्रको विधिवत उद्घाटन गरेका हुन् ।
सोही कार्यक्रममा वडा नम्बर ३ र ५ मा पनि मेलमिलाप केन्द्र स्थापनाको घोषणा गरिएको छ । वडा नम्बर ४ मा भने वडा कार्यालय निर्माणाधिन रहेकाले अबको एक महिनाभित्र त्यहाँ पनि स्थानीय मेलमिलाप केन्द्र स्थापना गरिने गाउँपालिका उपाध्यक्ष एंव न्यायिक समितिकी संयोजक ममता महत्तोले जानकारी दिइन् । वडा नम्बर १ मा आफ्नै वडा कार्यालयको भवन अहिले नभएकाले त्यहाँ अहिले केन्द्र स्थापना गर्न नसकिएको उनले बताइन् । उनका अनुसार, हरेक वडामा पालिकाको कार्यालयले वडा कार्यालय सञ्चालनमा रहेको भवनमा एउटा छुट्टै कोठाको व्यवस्थापन गरेर स्थानीय मेलमिलाप केन्द्र स्थापना गर्नुपर्ने प्रावधान छ । न्यायिक समितिमा पर्ने उजुरी अब वडाको स्थानीय मेलमिलाप केन्द्र पठाएर सुल्झाइने उनले बताइन् ।

# फरार अभियुक्त प्रहरीसमक्ष आफैँ हाजिर



**मधेशदृष्टि**
**रौतहट ।**
रौतहटमा हत्याको घटनामा फरार रहेका अभियुक्त आफै प्रहरीसमक्ष हाजिर भएका छन् । आफ्नै आमाको हत्या गरी फरार रहेका राजदेवी नगरपालिका वडा नम्बर १ पथरा टोल निवासी मनोजकुमार साह फरार भएको एक महिनापछि प्रहरीसमक्ष आफैँ हाजिर भएका हुन् । दाजु भाईबीच अंशबण्डाको विषयलाई लिएर विवाद हुँदा आफ्नो आमा ६९ वर्षीया राधादेवी साहलाई गत जेठ ५ गते घरकोठाभित्र टाउकोमा सिलौटाको लोहोरोले प्रहार गरी हत्या गरी फरार भएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ ।
आमाको हत्या गरी फरार भएका साहलाई खोजतलास गर्ने क्रममा निजकी श्रीमती, आफन्त तथा परिवारका सदस्यमार्फत सम्पर्क गरी फरार रहेको अवस्थाको जोखिम तथा हाजिर भई अनुसन्धानमा सहयोग गरे पछिको अवस्था बारेमा कानुनी परामर्श दिएपश्चात् साह आफै हाजिर भएको प्रहरी उपरिक्षक दिलिप घिमिरेले जानकारी दिए । साहमाथि कर्तव्य ज्यानसम्बन्धी मुद्दामा अदालतबाट म्याद थप गरी थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ ।

# जेष्ठ नागरिकलाई सम्मान

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको पोखरिया नगरपालिका वडा नम्बर ६ श्रीसीयामा आइतबार जेष्ठ नागरिक समान कार्यक्रम सम्पन्न भएको छ ।
वडा नम्बर ६ मा रहेका एक सय ९७ जना जेष्ठ नागरिकलाई समान स्वरुप छाता १ थान, झूल १ थान, दोसला एक थान, टर्च लाइट एक थान वितरण गरिएको वडा नम्बर ६ का वडा सचिव नीरज दुबेले जानकारी दिए । पोखरिया नगरपालिका वडा नम्बर ६ को आर्थिक सहयोग तथा पर्सा एग्रीकल्चर एण्ड पब्लिक डेभ्लपमेन्ट सेन्टर बिन्दावासनी ४ पर्साको आयोजनामा कार्यक्रम भएको हो । वडा नम्बर ६ का वडा सदस्य शिव महतोको अध्यक्षतामा भएको कार्यक्रममा पोखरिया नगरपालिकाको प्रशासन शाखाको विजय साह, सामाजिक शाखाको नरेन्द्र साह कानूनलगायतको सहभागीता रहेको थियो ।

# बलान नदीमा फसेका ६ किसानको उद्धार

**मधेशदृष्टि**
**राजविराज ।**
सप्तरीको बलान नदीमा आएको बाढीमा फसेका ५ किसानको उद्धार गरिएको छ । सशस्त्र प्रहरी बल र नेपाल प्रहरीको संयुक्त टोलीले २४ गाईवस्तुसँगै उनीहरुको उद्धार गरेको जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक गजुसिद्दी बज्राचार्यले जानकारी दिए ।
सप्तरीको बलानबिहुल गाउँपालिका वडा नम्बर ४ बेल्हीस्थित खेतमा धान रोप्न गएका किसान बाढीमा फसेका थिए । दुई दिनदेखि लगातार भइरहेको वर्षाका कारण बलान नदीमा पानीको बहाव बढेको छ । सो क्षेत्रका बासिन्दालाई सतर्क रहन स्थानीय प्रशासनले आग्रह गरेको छ ।

# पूर्वराजा ज्ञानेन्द्र शाहको जन्मदिन मनाइयो



**मधेशदृष्टि**
**वीरगंज ।**
पूर्व राजा ज्ञानेन्द्र शाहको ७८औँ जन्मजयन्ती वीरगंजमा पनि मनाइएको छ । आइतबार पूर्व राजा शाहको ७८औँ जन्मजयन्ती अवसरमा देशभक्त राजभक्त संस्थाले वीरगंजस्थित महावीर मन्दिरको प्राङगणमा जन्मदिन मनाइएको संस्थाका अध्यक्ष दिपेन्द्र रौनियारले जानकारी दिए । जन्मदिनको अवसरमा राजावादीहरुले शुभकामना दिँदै राजतन्त्रको पुनस्थापनाको पक्षमा वकालत गरेका छन् । रौनियारकै अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा उपाध्यक्ष सतिश कुमार श्रीवास्तव, अबदुल सतार अन्सारी, महेन्द्र प्रसाद साह, पशुपति विक्रम साह, उषा साह, विरेन्द्र थापा, पृथवी झालगायतको सहभागिता रहेको थियो ।

# लायन्स क्लबद्वारा वृक्षारोपण

**मधेशदृष्टि**
**वीरगंज ।**
लायन्स क्लबले राष्ट्रिय वृक्षारोपण दिवसको अवसरमा वृक्षारोपण गरेको छ । लायन्स क्लव अफ वीरगंज सेस्मी एकेडेमी र लायन्स क्लव अफ वीरगंज विजयपथको संयुक्त आयोजनामा आइतबार वीरगंजको प्रगतिनगरस्थित सेस्मी इन्टरनेशनल स्कूल परिसरमा वृक्षारोपण गरेको हो । लायन्स क्लव इन्टरनेशनल डिष्ट्रिक्ट ३२५ एसकी नवनिर्वाचित डिष्ट्रिक्ट



गभर्नर लायन तासी डोल्मा तुम्बाहाम्फेले विरुवा रोपेर कार्यक्रमको शुभारम्भ गरेकी थिइन् । सो अवसरमा विभिन्न प्रजातीका एक सय ५० विरुवा रोपिएको हो । सेस्मी इन्टरनेशनल स्कूलकी प्रधानाध्यापक लायन आशमा सिंह यादवको अध्यक्षतामा भएको कार्यक्रममा लायनका पदाधिकारी, विद्यालयका शिक्षक, शिक्षिका एवं विद्यार्थीको उल्लेख्य सहभागिता रहेको थियो ।

# मधेशमा चार हजार बढी एचआइभी सङ्क्रमित

**जनकपुरधाम ।**
मधेश प्रदेशमा चार हजार दुई सय ८७ जना एचआइभी सङ्क्रमितले नियमित औषधि सेवन गरिरहेका छन् । प्रदेश जनस्वास्थ्य प्रयोगशाला जनकपुरधामले धनुषाको लालगढमा आयोजना गरेको तीनदिने प्रयोगशालासम्बन्धी प्रशिक्षण समापनमा एचआईभी सङ्क्रमितबारे उक्त तथ्याङ्क प्रस्तुत गरिएको हो । मधेश प्रदेश सरकारले एक सय ३६ पालिकामा प्रयोगशाला स्थापना गरेर सर्ने तथा नसर्ने रोगको नियमित रुपमा परीक्षण गरिरहेको प्रदेश जनस्वास्थ्य प्रयोगशाला जनकपुरधामका प्रमुख एवं वरिष्ठ भाइरोलोजिष्ट डा श्रवणकुमार मिश्रले जानकारी दिए । उनले रोगको पहिचान तथा निदानमा प्रयोगशालाको भूमिका महत्वपूर्ण हुने बताए । प्रदेश भर स्थापना भएका प्रयोगशालाबाट दीर्घ रोगको पहिचान तथा नियन्त्रण गरी प्रदेशवासीलाई स्वस्थ राख्ने अभियान सञ्चालन गरिएको उनले बताए । मधेश प्रदेशका स्वास्थ्य आपूर्ति केन्द्रका निर्देशक डा मनिषकुमार पाण्डेले प्रदेशवासीलाई स्वस्थ बनाउन प्रयोगशालाको योगदान महत्वपूर्ण रहने धारणा राखे । कार्यक्रमका प्रमुख प्रशिक्षक सन्तोषकुमार यादव र युनिसेफका चन्द्रनारायण साह रहेका थिए । मधेश प्रदेशमा कोभिड–१९ का बेला स्थापना भएको प्रदेश जनस्वास्थ्य प्रयोगशालाले सेवा दिँदै आएको छ । अहिले सर्ने तथा नसर्ने रोगको सस्तो तथा सुलभ दरमा प्रदेश जनस्वास्थ्य प्रयोगशालाले परीक्षण गरिरहेको छ । रासस

*मुस्कान विना बिताइएको दिन खेर गएको दिन हो ।*
*– चार्ली चाप्लिन*

## सम्पादकीय

# गहवामाई मन्दिर र हिन्दूजनको आस्था

*गहवामाई मन्दिर वीरगंजको प्रसिद्ध मन्दिरमध्ये एक हो । यो गहवामाई भगवतीको मन्दिर हो । परापूर्वकालमा गहवामाईको मान्दिर रहेको ठाउँमा एउटा ठूलो अजङ्गको पीपलको रुख थियो । पीपलको रुखमुनि एउटा सानो मन्दिर बनाई गहवामी स्थापना भएको किम्बदन्ती छ । कालान्तरमा पीपलको रुख काटेर सानो मन्दिरका ठाउँमा अलि ठूलो मन्दिर निर्माणसँगै परिसरमा बेलाबेला मर्मतसम्हार हुन थाल्यो । पछि मन्दिर र परिसर निर्माण गरी हालको अवस्थामा गहवामाई मन्दिरको स्वरूप खडा भएको हो । मन्दिर सञ्चालनार्थ एउटा समिति पनि सक्रिय छ । करिब ७ हजार २ सय २५ वर्ग फिट क्षेत्रफल रहेको मन्दिरमा तीनवटा ढोका छन् । मूल ढोका पश्चिमपट्टि छ । मन्दिर खोलिने समय ग्रिष्म ऋतुमा बिहान ४ बजेदेखि दिउँसो १२ बजेसम्म र शरद ऋतुमा बिहान ५ बजेदेखि १२ बजेसम्म तोकिएको छ । साँझ ४ बजेदेखि राति ८.३० बजेसम्म बाह्रै महिना खुल्ने गरेको छ । मन्दिरमा अनेकौँ देवी देउताका मूर्ति छन् । तर शक्ति एवम् बलदायी दुर्गा भवानीको मूर्ति यो मन्दिरमा अत्यन्त लोकप्रिय छ । यो वीरगंजको सबैभन्दा प्रमुख र निकै चहलपहल हुने क्षेत्रको प्रसिद्ध मन्दिर बनेको छ । पछिल्लो समय यो मन्दिरमा भक्तजनको अगाध आस्था प्रकट हुने गरेको छ ।*

*उसो त यस मन्दिरमा प्रत्येक वर्ष दशैँका बेला घटस्थापनादेखि पूर्णिमाको दिनसम्म श्रद्धालु भक्तजनको घुइँचो लाग्ने गर्छ । मन्दिर बारा, पर्सा, रौतहट, मकवानपुरसँगै भारतीय सीमावर्ती शहरका हिन्दूजनको पनि आस्थाको केन्द्र बन्दै गइरहेको छ । नवरात्रीका बेला बिहान ४ बजेदेखि भक्तजनको घुइँचो लाग्ने इतिहास बनाएको छ । बडादशैँमा अष्टमीका दिन देवीलाई पशुबली पनि चढाइन्छ । पशुबली धेरै जसो बोका र कुखुराका भाले काट्ने प्रचलन छ । यही मन्दिर पुनर्निर्माणको १२ औँ वर्षारम्भमा आइतबार भव्य रथयात्रा भएको छ । यो दोस्रो रथयात्रा हो । अघिल्लो वर्ष पनि यहाँ रथयात्रा भएको थियो । आइतबार बिहान गहवामाई मन्दिरको प्राङ्गणबाट निकालिएको रथयात्रा वीरगंजको घण्टाघर, रेलवे रोड, अमर चोक, छपकैया चोक, बिर्ता चोक, आदर्शनगर चोक, महावीरस्थान परिक्रमा गरेर पुनः गहवामाई मन्दिर प्राङ्गणमै पुगेको थियो । हजारौँ हिन्दूजनको सहभागितामा रथयात्रा निकालिएको थियो । रथयात्रा पुगेका स्थलमा भक्तजन र हिन्दूजनले श्रद्धा व्यक्त गरेका थिए ।*

*पर्साको गाउँगाउँबाट भक्तजन रथयात्रामा सहभागी हुन आएका थिए । आइतबार साँझ ६ बजेदेखि गहवामाई मन्दिरमा भजनकिर्तन भएको थियो । सोमबार साँझ ५ बजे महाभण्डारा (प्रसाद ग्रहण कार्यक्रम) राखिएको छ । रथयात्राले वैभव वीरगंजमा हिन्दू संस्कृति मात्र प्रदर्शन गरेको छैन । हिन्दू सांस्कृतिक सम्पदाहरु धार्मिक पर्यटनका पनि सम्भावना हुन् भन्ने देखाएको छ । वीरगंज महानगरले सामुदायिक तथा संस्थागत विद्यालयमा बिदा दिएर रथयात्रालाई अरु गरिमामय बनाएको छ । दुई दिन वीरगंजमा माछामासु बिक्रीवितरणमा समेत रोक लगाएर संस्कृति संरक्षणको अभियान चलाएको छ । धार्मिक सम्पदाहरुले पर्यटकीय सम्भावना बोकेको सन्देश प्रवाह भएको छ ।*

## लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ। मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ। पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौं। लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला। लेखरचना एक हजार पाँच सय शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौं। हाम्रो इमेल ठेगाना होः madheshdristi@gmail.com

## कार्यक्रम आयोजकमा अनुरोध

मधेश प्रदेशका ८ जिल्लामा हरेक दिन कुनै न कुनै औपचारिक कार्यक्रम भइरहेका हुन्छन् । यहाँको कार्यक्रमको समाचार प्रकाशन हेतु मधेशदृष्टि दैनिकको कार्यालय जनकपुर, भानुचोक (रेडियो जनकनन्दनीसँगै) र वीरगंज (रेडियो वीरगंजसँग)मा या हाम्रो इमेल र ह्वाट्स एपमा आधिकारिक पत्र पठाएर सहयोग गरिदिनु हुन अनुरोध गर्दछौँ ।

सम्पर्कः ९८५५०२१२८१ (ह्वाट्स एप पनि)

इमेलः madheshdristi@gmail.com

# महामारीले ल्याउने विश्व सङ्कट



डा अमृत बस्नेत

> *महामारीको समयमा, आर्थिक अनिश्चितता, तनाव र स्वास्थ्य सेवामा अवरोधहरूले जन्म दरमा कमी ल्याउन सक्छ । भविष्यको चिन्ताका कारण व्यक्तिहरूले आफ्नो परिवार सुरु गर्न वा विस्तार गर्न ढिलाइ गर्न सक्छन् । महामारीले विशेषगरी वृद्धहरू, बालबालिका वा दीर्घरोग भएकाहरूमा उच्च मृत्यु दर निम्त्याउन सक्छ ।*

महामारी भनेको एउटा रोग वा सङ्क्रमण हो, जसले विश्वव्यापीस्तरमा वा ठूलो भौगोलिक क्षेत्रमा तीव्ररूपमा फैलिन्छ र धेरै संख्यामा मानिसलाई प्रभावित पार्छ। यसमा सामान्यतया नयाँ सङ्क्रामक रोग समावेश हुन्छन्, जसमा मानिससँग सङ्क्रमणसँग लड्ने प्रतिरक्षा कमजोर हुन्छ, जसले गर्दा व्यापक बिरामी÷अस्वस्थ गराउँछ। महामारीले धेरै देशहरू वा महादेशलाई समेट्न सक्छ र रोगको फैलावटलाई नियन्त्रण गर्न र व्यवस्थापन गर्न अन्तर्राष्ट्रियस्तरमा समन्वित प्रतिक्रिया आवश्यक पर्छ।

महामारीको घोषणा विश्व स्वास्थ्य सङ्गठनद्वारा गरिन्छ। जब कुनै महामारी विभिन्न देशहरूमा व्यापक रूपमा फैलिन्छ र नियन्त्रण गर्न चुनौतीपूर्ण हुन्छ। महामारीले मानव जनसङख्यालाई गहिरो रूपमा प्रभाव पार्छ । विगतमा यस्ता थुप्रै महामारीहरु भएका छन् । सन् १६५–१८० को एन्टोनिन प्लेग, सन् ५४१–५४२ मा जस्टिनियन प्लेग, सन् ७३५–७३७ को जापनिज स्माल पक्स,सन् १३४७–१३५१ को ब्ल्याक डेथ महामारी,सन् १६२९–१६३१ को इटालियन प्लेग, सन् १९६५–१६६६ को ग्रेट प्लेग अफ लन्डन महामारी भएको थियो। यस्तै सन् १८१७–१९२३ को पहिलो हैजा, सन् १८२७–१८३५को दोस्रो हैजा महामारी, सन् १८३९–१८५६ को तेस्रो हैजा, सन् १८६३–१८७५ को चौथो हैजा महामारी, सन् १८८१–१८८६ को पाँचौं हैजा महामारी, सन् १८८९–१८९० को रसियन फ्लू र सन् १८९९–१९२३ को छैठो हैजा महामारी भएको थियो । सन् १९१८–१९१९ को स्प्यानिस फ्लू, सन् १९५७–१९५८ को एसियन फ्लू, सन् १९६१ देखि वर्तमानसम्म सातौं हैजा, सन् १९६८–१९७० को हङ्कङ फ्लु, सन् १९८१ देखि वर्तमानसम्म एचआइभी एड्स, सन् २००२–२००३ को सार्स कोरोना भाइरस–१,सन् २००९–२०१० को स्वाइन फ्लु,सन् २०१४–२०१६ को इबोला, सन् २०१५ देखि वर्तमानसम्म मर्स महामारी र सन् २०१९ देखि वर्तमानसम्म कोभिड–१९ महामारीलाई लिन सकिन्छ।

महामारीले जनसंख्याको ठूलो हिस्सालाई असर गर्छ । महामारीका नतिजाहरू दूरगामी र बहुआयामिक हुन्छन्, जसले समाजका विभिन्न पक्षहरूलाई असर गर्छन्।महामारीहरूले बिरामी र मृत्युदरमा उल्लेखनीय वृद्धि गर्छन् । अस्पताल र क्लिनिकहरूले चिकित्सा आपूर्ति, उपकरण र कर्मचारीहरूको अभाव सामना गर्न सक्छन्, जसले उपचारको गुणस्तर घटाउँछ । महामारीबाट बचेकाहरूले दीर्घकालीन स्वास्थ्य समस्याहरूबाट ग्रस्त हुन सक्छन् । दीर्घकालीन थकान, अंग क्षति, मधुमेह, रगतको मात्रामा गिरावट, रगत जम्ने, प्लेट्लेट्सको मात्रा घट्ने, हृदयघात, स्ट्रोक, स्नायुसम्बन्धी समस्याहरू, रोग प्रतिरक्षा शक्तिमा ह्रस कोभिडपछिका अवस्थामा देखिएका छन् । गम्भीर रोगप्रसारका कारण प्रभावित हुने व्यक्तिहरूमा डिप्रेसन र पोस्ट–ट्रामाटिक स्ट्रेस डिसअर्डर विकास हुन्छ।

महामारीहको कारण आर्थिक गतिविधिमा उल्लेखनीय मन्दी आउन सक्छ।धेरै व्यवसायहरू, विशेषगरी साना व्यवसायहरू बन्द हुन सक्छन्, जसले व्यापक रोजगारी गुमाउनु र बेरोजगारी दरमा वृद्धि गराउँछ । लकडाउन, क्वारेन्टाइन र आइसोलेसन जस्ता उपायहरूले सामाजिक एकान्तमा वृद्धि गर्छन्, जसले मानसिक स्वास्थ्यलाई असर गर्छ र मानसिक समस्याहरू जस्तै मन आत्तिने, चिन्ता र डिप्रेशनको घटनाहरू वृद्धि गर्छ। विद्यालय बन्दले शिक्षा प्रणालीमा अवरोध पु¥याउँछ । महामारीले प्रायः सार्वजनिक स्वास्थ्य नीतिहरू, आर्थिक प्रोत्साहन प्याकेजहरू र स्वास्थ्य सेवा नियमहरूमा परिवर्तनहरू सहित महत्वपूर्ण सरकारी हस्तक्षेपहरू निम्त्याउँछ।

महामारीको कमजोर व्यवस्थापनले राजनीतिक अस्थिरता र नेतृत्वमा परिवर्तन ल्याउन सक्छ । घटाइएको औद्योगिक गतिविधि र यातायातले प्रदूषण र हरितगृह ग्यास उत्सर्जनमा अस्थायी कमी ल्याउन सक्छ। ठूलो जमघट समावेश गर्ने सांस्कृतिक र धार्मिक अभ्यासहरू परिवर्तन वा स्थगित हुन सक्छन्, जसले सामुदायिक र सांस्कृतिक जीवनलाई असर गर्न सक्छ। उपभोक्ता बानीहरूमा परिवर्तनहरू जस्तै डिजिटल प्लेटफर्महरू–ई–सेवा, फोन पे, खल्ती र ई–बैंकिङमा बढेको निर्भरता, महामारी पछि पनि जारी रहन सक्छ । यसले दुरदराजका मानिसहरूमा समस्या उत्पन्न गराउन सक्छ । भाइरसको फैलावटलाई नियन्त्रण गर्न निगरानी प्रविधिहरूको प्रयोगले तथ्याङ्क गोपनीयता र नागरिक स्वतन्त्रताहरूको बारेमा चिन्ता बढाउन सक्छ।

महामारीको पूर्वतयारीले सम्भावित महामारीलाई प्रभावकारी रूपमा रोक्न, पत्ता लगाउन र प्रतिक्रिया दिन उपायहरू, योजना र कार्यान्वयन समावेश गर्दछ । रोगको प्रकोपहरू निगरानी गर्न बलियो विश्वव्यापी निगरानी प्रणालीहरू स्थापना र कायम गरिनुपर्दछ। विश्व स्वास्थ्य सङ्गठन जस्ता संस्थाहरूले महामारी निगरानीमा निष्पक्ष र महत्वपूर्ण भूमिका खेल्नुपर्दछ । बिरामीहरूको संख्यामा भएको वृद्धिलाई व्यवस्थापन गर्न स्वास्थ्य प्रणालीको क्षमता वृद्धि गर्नुपर्छ। स्वास्थ्यकर्मीलाई सङ्क्रमण नियन्त्रण अभ्यास र आपत्कालीन प्रतिक्रिया प्रक्रियाहरूमा नियमित रूपमा प्रशिक्षण दिनुपर्दछ । व्यक्तिगत सुरक्षा उपकरण, मास्क, सेनिटाइजर, औषधि र सुरक्षित खोपजस्ता आवश्यक चिकित्सकीय सुविधा उपलब्ध हुनुपर्छ। उन्नत उपकरण, उपचार र रोकथामका उपायहरू विकास र तैनाथ गरी ज्ञान र स्रोतहरू साझा गर्न अनुसन्धान र विकासमा अन्तर्राष्ट्रिय सहयोगलाई बढावा दिनुपर्छ।

नवीनतम् वैज्ञानिक प्रमाण र उत्कृष्ट अभ्यासहरूमा आधारित सार्वजनिक स्वास्थ्य नीतिहरू लागू गर्नुपर्छ र नियमित रूपमा अद्यावधिक गर्नुपर्छ। रोकथाम उपायहरू, सङ्क्रामक रोगहरूका लक्षणहरू र प्रारम्भिक उपचारको महत्वको बारेमा समुदायहरूलाई शिक्षित र संलग्न गराउनुपर्छ । महामारीहरूको लागि एकीकृत प्रतिक्रिया सुनिश्चित गर्न अन्तर्राष्ट्रिय साझेदारी र समन्वय संयन्त्रहरूलाई बलियो बनाउनु पर्दछ। महामारीको पूर्वतयारीका लागि विश्वव्यापी स्वास्थ्य पहलहरूमा पर्याप्त रकम र स्रोतहरू छुट्याउनु पर्दछ। सुरक्षित खोप, औषधि र निदान उपकरणको लागि नियामक मापदण्डहरूको सामञ्जस्यतामा काम गर्नुपर्छ।विश्वासिलो स्रोतहरू र तथ्य जाँच संयन्त्रहरूमार्फत गलत सूचना र अफवाहहरू हुन दिनु हुँदैन।

महामारीबाट प्रभावित व्यक्तिहरू र व्यवसायहरूलाई आर्थिक सहयोगको खाँचो पर्दछ। महामारीको समयमा जोखिममा रहेका जनतालाई सामाजिक सुरक्षा योजनाहरू बलियो बनाउनु पर्दछ। महामारीको समयमा सञ्चालन र आपूर्ति श्रृंखला कायम राख्न व्यवसायहरूलाई निरन्तरता योजना विकास गर्न प्रोत्साहन गर्नुपर्दछ । क्वारेन्टिन र आइसोलेसन जस्ता सार्वजनिक स्वास्थ्य उपायहरूलाई समर्थन गर्ने कानूनी ढाँचाहरू स्थापना र अद्यावधिक गरी स्रोतहरूको वितरण, उपचारको प्राथमिकता र अन्य महत्वपूर्ण निर्णयहरूको लागि स्पष्ट दिशानिर्देशहरू तयार गर्नुपर्ने हुन्छ।

महामारीहरूले स्वास्थ्य क्षेत्र र चिकित्सकमा ठूलो दबाब पार्ने हुँदा स्वास्थ्य सेवा प्रणालीको बलियो पक्ष र कमजोरीहरू दुवै उजागर हुन्छन् । महामारीलाई प्रभावकारी रूपमा व्यवस्थापन गर्न पर्याप्त, प्रशिक्षित र लचिलो स्वास्थ्यकर्मीहरूको टिम सुनिश्चित गर्नु महत्वपूर्ण छ । स्वास्थ्यकर्मीहरू, चिकित्सा विद्यार्थीहरू र स्वयंसेवकहरूलाई आवश्यक पर्दा परिचालन गर्न सकिन्छ। चिकित्सक स्वास्थ्यकर्मीहरूलाई सङ्क्रमण नियन्त्रण अभ्यास, उच्च गुणस्तरीय व्यक्तिगत सुरक्षा उपकरणको विश्वसनीय आपूर्ति सुनिश्चित गर्नुपर्दछ र यसको सही प्रयोगमा प्रशिक्षण दिनुपर्दछ।

नयाँ रोगहरूको उपचार प्रोटोकलहरूमा पनि निरन्तर प्रशिक्षण प्रदान गर्नुपर्दछ । चिकित्सक स्वास्थ्यकर्मीलाई आपत्कालीन प्रतिक्रिया प्रक्रियाहरू परिचित गराउन नियमित रूपमा महामारी अनुकरण अभ्यासहरू सञ्चालन गर्नुपर्दछ । स्वास्थ्यकर्मीहरूको तनाव, चिन्ता र मानसिक थकान व्यवस्थापन गर्न मनोवैज्ञानिक समर्थन,परामर्श सेवाहरू र प्रशिक्षण कार्यक्रमहरू कार्यान्वयन गर्नुपर्दछ। स्वास्थ्य सेवा सुविधाहरूभित्र बिरामी र कर्मचारीहरूको सुरक्षा गर्न सङ्क्रमण नियन्त्रण प्रोटोकलहरू कडाइका साथ लागू गर्नुपर्दछ।

प्रशासनिक कार्यहरू सुव्यवस्थित बनाउन र कार्यभार कम गर्न इलेक्ट्रोनिक स्वास्थ्य रेकर्ड र स्वचालित प्रणालीहरूजस्ता प्रविधिको प्रयोग गर्नुपर्दछ । चिकित्सक स्वास्थ्यकर्मीलाई उचित पारिश्रमिक र सुरक्षित काम गर्ने जस्ता प्रोत्साहन हुने खालका सरकारी नीतिहरू बन्नु पर्दछ। गैरमेडिकल कार्यहरूमा स्वास्थ्य सेवा सुविधाहरूलाई सहयोग गर्न समुदाय स्वयंसेवक कार्यक्रमहरू सञ्चालन गर्न सकिन्छ। यी तथ्यहरुका आधारमा नेपालका स्वास्थ्य सेवा प्रणालीहरूले महामारीको लागि प्रभावकारी तयारी गर्नुपर्ने देखिन्छ । स्वास्थ्य सङ्कटको समयमा स्वास्थ्य सेवा वितरणलाई प्रभावकारी बनाउन तथा स्वास्थ्यकर्मी र बिरामीको मनोबल बलियो गराउन आवश्यक हुन्छ।

महामारीले स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा जनस्वास्थ्यलाई गम्भीर रूपमा प्रभावित गर्छ। महामारीले जनसंख्या नियन्त्रणमा प्रत्यक्ष अप्रत्यक्ष प्रभाव पार्न सक्छ तर विश्वका महाशक्ति राष्ट्रहरूले जान अनजानमा महामारीलाई अस्त्रको रुपमा प्रयोग गरी सामान्यतया जनसंख्या नियन्त्रण विधिहरूको रूपमा पनि प्रयोग गर्ने गरेका छन्। महामारीको समयमा, आर्थिक अनिश्चितता, तनाव र स्वास्थ्य सेवामा अवरोधहरूले जन्म दरमा कमी ल्याउन सक्छ। भविष्यको चिन्ताका कारण व्यक्तिहरूले आफ्नो परिवार सुरु गर्न वा विस्तार गर्न ढिलाइ गर्न सक्छन् । महामारीले विशेषगरी वृद्धहरू, बालबालिका वा दीर्घरोग भएकाहरूमा उच्च मृत्यु दर निम्त्याउन सक्छ। यद्यपि, मृत्युदरमा भएको यो वृद्धिलाई सामान्यतया जनसंख्या नियन्त्रणको रूप मानिदैन, किनकि यो जानाजानी मानव हस्तक्षेपको सट्टा रोगको परिणाम हो । महामारीले बसाइँसराइको ढाँचामा परिवर्तन ल्याउन सक्छ किनभने मानिसहरू प्रभावित क्षेत्रहरूबाट जोगिन वा राम्रो स्वास्थ्य सेवा पूर्वाधार भएका क्षेत्रहरूमा जान खोज्छन् । यी बसाइँसराइहरुले विभिन्न क्षेत्रहरूको जनसंख्या घनत्वलाई असर गर्न सक्छ।

संयुक्त राज्य अमेरिकामा प्रारम्भिक २० औँ शताब्दीमा फेरि पोलियो देखा परेको थियो। सन् २००९ मा भारतमा पनि व्यापक रूपमा पोलियोका बिरामीहरू देखापरेका थिए। पोलियो महामारी नियन्त्रण गर्नलाई खोप उत्पादनमा बिल्स एण्ड मेलिण्डा फाउन्डेसनले सहयोग गरेका थियो। खोप लगाएका मानिसहरूमा व्यापक रूपमा प्यारालाइसिस देखापर्न थाल्यो र निरन्तरको अनुसन्धानपछि एउटा तथ्य बाहिर आयो कि यो खोप विश्वको जनसंख्या नियन्त्रण गर्नलाई बनाइएको हो भनेर । सन् २०१० मा बिल गेट्सलेविश्व जनसंख्यालाई घटाउनखोप एउटा हतियार होभनेका थिए। उनले खोपमार्फत १० देखि १५ प्रतिशत विश्व जनसंख्यालाई घटाउन सकिन्छ भनेका थिए । समयक्रमसँगै खोप अभियानको पर्दा पछाडिका डरलाग्दा र भयानक नकारात्मक तथ्यहरु बाहिर आइरहेका छन्।

एक्काइसौँ शताब्दीको वैज्ञानिक एआई युगमा सबै देशहरूसँग आ–आफ्नो हैसियतअनुसारका हातहतियारहरू छन्। त्यसैले विश्वका महाशक्ति राष्ट्रहरूले महामारीलाई हतियार बनाएर विश्व आर्थिक युद्धमा होमिन अनेक प्रयास र गुरु योजनामा तल्लिन रहेका छन्। कोभिड–१९ पनि यसको एउटा ज्वलन्त उदाहरण हो। संयुक्त राज्य अमेरिका र चीनबीचको विश्व आर्थिक टकरावले गर्दा सन् २०१९ मा कोभिड–१९ महामारी ल्याइएको अनुमान गर्न सकिन्छ। विश्व आर्थिक टकरावले सन् २०३० मा फेरि नयाँ महामारी ल्याइने अनुमान गर्न सकिन्छ। चीन, रसिया र संयुक्त राज्य अमेरिकाबीचको विश्व आर्थिक टकराव र बदलिंदो विश्व भूराजनीतिक ध्रुवीकरणको कारण त्यो अवस्था नआउला भन्न सकिन्न । त्यतिबेला पनि नेपाल जस्तै अन्य विकासशील देशहरू फेरि चेपुवामा पर्न सक्नेछन्। महामारीमार्फत विश्वका महाशक्ति राष्ट्रहरूले आफ्नो अर्थतन्त्रलाई बलियो र अरु महाशक्ति राष्ट्रहरूको अर्थतन्त्रलाई धराशाही बनाउने माध्यमका रूपमा लिइरहेका छन्।

विश्व स्वास्थ्य सङ्गठनले जनसंख्या नियन्त्रणको नीतिहरूलाई प्रोत्साहित गरेको देदिन्छ। दशकौंदेखि एशिया (बङ्गलादेश, भारत, इन्डोनेसिया, पाकिस्तान, फिलिपिन्स, थाइल्याण्ड), ल्याटिन अमेरिका (ब्राजिल, कोलम्बिया, मेक्सिको), अफ्रिका (इजिप्ट, इथियोपिया, नाइजेरिया) र युरोप (टर्की) मा जनसंख्या नियन्त्रण रणनीतिहरू लागू हुँदै आएका छन्। कोभिड–१९ महामारीविरुद्धको खोपपछि विश्वव्यापी रूपमा महिलाहरूले धेरै प्रजनन् समस्याहरू र डरलाग्दो गर्भावस्थाको परिणामहरू रिपोर्ट गरिरहेका छन्। कोरोनाविरुद्ध खोपको एउटा असर निःसन्तान पनि रहेको बताइएको छ । विशेषगरी पुरुषहरूमा व्यापक बाँझोपनको समस्या देखा परेको छ। यसले गर्दा महिलालाई आइभीएफ अर्थात् कृत्रिम गर्भधारण विधिबाट बच्चा जन्माउन बाध्य बनाइएको छायो कृत्रिम गर्भाधारण विधिको माध्यमबाट विदेशी जीन भित्र्याउनमा एउटा महत्वपूर्ण चलखेल भइरहेको छ।

अष्ट्रेलियका वरिष्ठ प्रजनन चिकित्सक डा. ल्यूक म्याकलिन्डनले कोभिड–१९ महामारीविरुद्धको खोपको नकारात्मक पक्षको बारेमा चेतावनी दिएका थिए। उनले कोभिड–१९ विरुद्ध खोप लगाइएका ७४ प्रतिशत महिलाको स्वतः गर्भपतन, गर्भाशयभित्र शिशु मृत्यु र महिनावारीमा व्यापक गडबडी भइरहेको अनुसन्धानबाट देखिएको बताएका छन् । म्याकलिन्डनले कोभिड खोप लिन अस्वीकार गरेका थिए र कोभिड खोपको नकारात्मक असरहरुको निष्कर्ष सार्वजनिक गरेका कारण उनलाई बर्खास्त गरिएको थियो। बेलायतमाशव व्यवस्थापन केन्द्रका निर्देशक जोन ओलुनीका अनुसार अहिले पहिलेभन्दा धेरै बच्चा मरेका छन्। त्यसको कारण तिनीहरूका आमाहरूलाई भ्रममा पारेर गर्भावस्थामा खोप लगाइएको थियो।

त्यस्तै मातृ र नवजात टिटानस उन्मूलन खोप अभियानको पर्दा पछाडिका डरलाग्दो र भयानक तथ्यहरू पनि छन् । प्रजनन्विरुद्ध खोपहरूको विकाससन् १९७० को दशकमा कथित अत्यधिक जनसंख्याको प्रतिक्रियामा सुरु भएको थियो । प्रजनन् नियमनका लागि खोपहरूमा विश्व स्वास्थ्य सङ्गठन टास्क फोर्सका अनुसन्धानकर्ताहरूले टिटी अर्थात् धनुष्टङ्कार खोपमा बिटा–एचसीजी र म्युरामाइल डाइपेप्टाइड नियोजित तरिकाले सफलतापूर्वक संयोजित गरेका थिए । सन् १९९३ मा विश्व स्वास्थ्य सङ्गठनले सार्वजनिक रूपमा त्यही खोपलाई ‘परिवार योजना’को लागि ‘जन्म–नियन्त्रण’ खोप घोषणा गयो । पहिलोपटक सन् १९९५ मा र दोस्रोपटक २०१४ मा केन्यामा मातृ र नवजात शिशु टिटानस उन्मूलन÷न्यूनीकरण गर्नलाई विश्व स्वास्थ्य सङ्गठनले त्यही खोपलाई अभियानमा चलाएको थियो । यसमा लाखौं केन्याली महिलाको ज्ञान वा सहमतिबिना गर्भधारण गर्न सक्ने क्षमता खोसिएको थियो । पछि बच्चा जन्माउने उमेरका युवतीलाई नपुङ्सक बनाइदिएको आरोप लागेको थियो।

हरेक देशले महामारीविरुद्ध बनेका खोपहरूको आ–आफ्नो देशमा आवश्यक परीक्षण गरेर मात्र जनसमुदायमा खोप अभियान चलाउनुपर्दछ । यसले खोपको उद्देश्य,प्राथमिकता,जटिलता र संयोजन पत्ता लगाउन मद्दत गर्दछ। समग्रमा महामारीले व्यक्ति, समुदाय र समाजमा बहुआयामिक र दूरगामी प्रभाव पार्छ । यसले सार्वजनिक जनस्वास्थ्य आपतकालीन अवस्थाहरूलाई सम्बोधन गर्न व्यापक तयारी, लचिलोपन र विश्वव्यापी सहयोगको महत्वलाई जोड दिन्छ । जबसम्म कोरोना भेरिएन्टको नामाकरण ‘ओमेगा’ हुँदैन, तबसम्म कोरोना भाइरस विश्वबाट पूर्ण रुपमा निर्मूल नहुने अनुमान गर्न सकिन्छ।

कोभिड–१९ महामारीको समयमा नेपालको स्वास्थ्य क्षेत्र र जनजीवनहरू एकदम भयावह, नाजुक र धराशाही स्थितिमा थियो । पर्याप्त सदन कक्ष,आवश्यक अक्सिजन आपूर्ति, चिकित्सक, स्वास्थ्यकर्मी, अत्यावश्यक चिकित्सा उपकरणहरू र औषधिहरुको चरम अभाव थियो। नेपालले त्यस समयलाई ध्यानमा राख्दै समयमै भविष्यमा देखापर्ने महामारीहरूविरुद्ध पूर्वतयारीका अभ्यासहरू (रोकथाम,नियन्त्रणका उपायहरू)पहल गरी कार्यान्वयन गरेमा आगामी दिनमा सबै क्षेत्रका जनतालाई समान रूपमा स्वास्थ्य सेवा उपलब्ध गराउन सहज हुनसक्छ।

यसले मृत्युदर कम गर्न पनि मद्दत गर्नेछ । नेपालले यी तथ्यहरूलाई समग्र तयारी रणनीतिमा समाहित गरी बिभिन्न देशहरू र अन्तर्राष्ट्रिय स्वास्थ्य संस्थाहरूसँग समन्वय गरेर महामारीहरूको सामना गर्न आफ्नो लचिलोपन र क्षमता वृद्धि गर्नुपर्दछ, जसले स्वास्थ्य,अर्थतन्त्र र समाजमा महामारीको सम्भावित प्रभावलाई कम गर्न मद्दत गर्दछ। रासस

# अल्पमतको सरकारले महत्वपूर्ण निर्णय गर्न मिल्दैनः एमाले



**काठमाडौँ ।**
नेपाल कम्युनिष्ट पार्टी (एमाले) संसदीय दलको बैठकले प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'लाई अविलम्ब राजीनामा दिन माग गर्ने निर्णय गरेको छ । बैठकको निर्णयबारे जानकारी दिँदै संसदीय दलका प्रमुख सचेतक महेश बर्तौलाले अल्पमतमा परेको काम चलाउ सरकारले अविलम्ब राजीनामा दिनुपर्ने निर्णय संसदीय दलले गरेको जानकारी दिए ।

'सरकार अल्पमतमा परेको छ, काम चलाउन सरकारका प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले लामो समय राजीनामा नदिइ पदमा बस्नु अनुचित हो' प्रमुख सचेतक बर्तौलाले भने, 'काम चलाउ सरकारलाई कुनै पनि महत्वपूर्ण निर्णय नगर्न बैठकले आग्रह गरेको छ, नयाँ सरकार गठनका लागि मार्गप्रशस्त गर्न आग्रह गरिएको छ ।' जनमत गुमाइसकेको सरकारले मुलुकलाई दुरगामी असरपर्ने निर्णय गर्नु संविधानविपरीत हुने भन्दै बैठकले सरकारलाई सचेत गराएको उनले जानकारी दिए ।

'हाम्रो दलको बैठकले आजै तत्काल राजीनामा दिन माग गरेको छ', प्रमुख सेचतक बर्तौलाले भने, 'प्रधानमन्त्रीले यही असार २८ प्रतिनिधिसभामा विश्वासको प्रस्ताव प्रस्तुतिका लागि सङ्घीय संसद्लाई पत्र पठाउनुभएको छ, यदि उहाँले राजीनामा नदिएमा एमालेले प्रस्तावको विपक्षमा मतदान गर्ने निर्णय गरेको छ ।' यही असार १७ गते नेपाली कांग्रेस र एमालेबीच राष्ट्रिय सहमतिको सरकार गठन गर्ने सहमति भएको थियो । उक्त सहमतिपछि एमालेले यही असार २० गते वर्तमान सरकारलाई दिएको समर्थन फिर्ता लिँदै सबै मन्त्री सरकारबाट बाहिरिएका थिए ।

**'अर्थतन्त्रलाई गति दिने नयाँ गठबन्धन'**

नेपाल कम्युनिष्ट पार्टी (एमाले) अध्यक्ष केपी शर्मा ओलीले मुलुकको अर्थतन्त्रलाई गति दिन नेपाली कांग्रेससँग नयाँ गठबन्धनको सरकार बनाउन लागिएको बताएका छन् । नयाँ बानेश्वरस्थित संसद भवनमा आइतबार संसदीय दलको बैठकलाई सम्बोधन गर्दै उनले रोकिएका विकास निर्माणलाई अगाडि बढाउन र राष्ट्रिय आवश्यकतालाई सम्बोधन गर्न कांग्रेससँग मिलेर राष्ट्रिय सहमतिको सरकार बनाउन लागिएको बताए । उनले मुलुकको सङ्कट समाधानका लागि कांग्रेससँग मिलेर सरकार बनाउन लागिएको बताए । उनले एमालेले कांग्रेससँगै मिलेर २०४६ सालको आन्दोलन र २०६२÷०६३ सालको जनआन्दोलन गरेको स्मरण गरे ।

# प्रधानमन्त्रीको राजीनामालाई लिएर सदनमा घोचपेच



**काठमाडौँ ।**
प्रतिनिधिसभाको आइतबारको बैठकको विशेष समयमा सत्ता पक्ष र प्रतिपक्षका सांसदबीच सरकारमा सहभागी ठूलो दलले समर्थन फिर्ता लिएपछि प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले तत्काल राजीनामा दिनुपर्ने वा संविधानको व्यवस्थाअअनुसार तीस दिनभित्र विश्वासको मत लिनुपर्ने भन्नेमा तर्कवितर्क भएको छ । बैठकमा विपक्षी बेञ्चमा रहेका नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले)का सांसदहरुले वर्तमान सरकार अल्पमतमा परेकाले राजीनामा दिएर नयाँ सरकार गठनका निम्ति मार्गप्रशस्त गर्न प्रधानमन्त्री दाहाललाई आग्रह गरेका छन् भने सत्तापक्षीय दल नेपाल कम्युनिष्ट (माओवादी केन्द्र) का सांसदले संवैधानिक प्रक्रियाअनुसार प्रधानमन्त्रीले विश्वासको मत लिने दोहो¥याएका छन् ।

यही असार १७ गते नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले) बीच नयाँ सरकार गठनको सहमति भई एमालेले वर्तमान सरकारलाई दिएको समर्थन फिर्ता लिएकाले वर्तमान सरकारले दीर्घकालीन असर गर्ने कुनै पनि निर्णय गर्न नहुनेमा दुवै दलका सांसदले जोड दिएका छन् । नेकपा (एमाले)का योगेशकुमार भट्टराईले जनताका समस्या समाधानका लागि नेपाली कांग्रेस र नेकपा (एमाले)बीच सत्ता सहकार्यको समझदारी भएको बताए । 'देशमा लगानीको वतावरण बनाउन, बिग्रदै गएको अर्थतन्त्रलाई सुधार्न, युवावर्गका बाह्यमुलुकतर्फको गमन रोक्न र संविधान पुनरावलोकन गर्न दुई दलले सहकार्यको निर्णय गरेका हुन्' उनले भने । कांग्रेसका सांसद डिगबहादुर लिम्बूले राजनीतिक क्षेत्रमा नयाँ परिस्थिति निर्माण भएको उल्लेख गर्दै अब बन्ने सरकारले जनचाहनाअनुसार काम गर्ने विश्वास व्यक्त गरे ।

माओवादी केन्द्रका सांसद माधव सापकोटाले नयाँ सत्ता समीकरणले मुलुकमा स्थायित्व कायम गर्न नसक्ने दाबी गरे । 'दुई दलबीचमा के कस्ता सम्झौता भए, त्यो सार्वजनिक भएको छैन' उनले भने, 'प्रधानमन्त्री दाहालले विश्वासको मतका लागि संसद्मा प्रस्ताव दर्ता गराइसक्नुभएको छ । संवैधानिक प्रक्रियामा गएकालाई कसैले पनि रोक्नु हुँदैन ।' राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद गणेश पराजुलीले सिङ्गो मुलुक विपद्मा परेका बेला जिम्मेवार भनिएका राजनीतिक दलहरु आफ्ना स्वार्थमा अल्झेका आरोप लगाए । 'विपद्का बेला सबै राजनीतिक दल एक ठाउँमा उभिनुपर्नेमा दुई ठूला दल सरकार परिवर्तनमा लाग्नु विडम्बना हो' सांसद पराजुलीले भने । राष्ट्रिय प्रजातन्त्र पार्टीका सांसद ज्ञानबहादुर शाहीले मुलुकका हितका लागि संशोधन गर्न सबै राजनीतिक दलले सहयोग गर्नुपर्ने बताए ।

नेकपा (एकीकृत समावादी)का सांसद शेरबहादुर कुँवरले प्राकृतिक विपत्तिमा परेका नागरिकको उद्धार तथा राहत सामग्री वितरणमा सरकारको ध्यानाकर्षण गराए । जनता समाजवादी पार्टीका सांसद रञ्जुकुमारी झाले पहाड पहिरो र तराई÷मधेस बाढीबाट प्रभावित भएका उल्लेख गर्दै विपद् प्रतिकार्यलाई प्रभावकारी बनाउन माग गरे । लोकतान्त्रिक समाजवादी पार्टीका सांसद रामप्रकाश चौधरीले मनसुनजन्य विपद्का घटनाका घाइतेको निःशुल्क उपचार हुनुपर्ने माग गरे । नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले वर्षाका कारण काठमाडौँ उपत्यकासहित मुलुकभरका विभिन्न क्षेत्र प्रभावित भएका उल्लेख गर्दै पीडितलाई राहत र क्षतिपूर्तिको व्यवस्था मिलाउन माग गरे । राष्ट्रिय जनमोर्चाका चित्रबहादुर केसीले भारतको मेघालयस्थित कोइलाखानीमा मारिएका चार नेपालीको बारेमा तत्काल सत्यतथ्य सार्वजनिक गर्न माग गरे । सांसद सुनिल शर्माले देशमा लगानीको वातावरण बनाएकामा सरकारलाई धन्यवाद दिए । सांसद पूर्णबहादुर तामाङले संसद्का दुई ठूला राजनीतिक दलले सहकार्यका निम्ति गरेको सहमतिको स्वागत गर्दै मुलुकलाई समृद्ध बनाउने योजना बनाएर त्यसमा लाग्न दुवै दललाई सुझाव दिए ।

**मार्गप्रशस्त गर्न प्रधानमन्त्रीलाई आग्रह**

प्रतिनिधिसभाको आइतबारको बैठकको शून्य समयमा नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले) का सांसदहरुले वर्तमान सरकार अल्पमतमा परेकाले राजीनामा दिएर मार्गप्रशस्त गर्न प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'लाई आग्रह गरेका छन् । यही असार १७ गते नेपाली कांग्रेस र नेकपा एमालेबीच नयाँ सरकार गठनको सहमति भई एमालेले वर्तमान सरकारलाई दिएको समर्थन फिर्ता लिएको सन्दर्भमा दाहाल नेतृत्वको सरकारले दीर्घकालीन प्रभाव पार्ने कुनै पनि निर्णय गर्न नहुनेमा दुवै दलले जोड दिएका छन् । नेपाली कांग्रेसका सांसद रामहरि खतिवडाले वर्तमान सरकारले नैतिकताका आधारमा राजीनामा दिनुपर्ने बताए । एमालेका प्रमुख सचेतक महेश बर्तौलाले बहुमत गुमाएको अहिलेको सरकार पदमा रहनु अशोभनीय भएको टिप्पणी गर्दै राजीनामा दिएर नयाँ सरकार गठनका निम्ति मार्गप्रशस्त गर्न आग्रह गरे । सोही दलका सांसद रघुजी पन्तले बहुमत गुमाएका प्रधानमन्त्री दाहालको राजीनामा माग गरे ।

सांसदहरु बलमपाकी मगर, मैना कार्की र मेनकाकुमारी पोखरेलले अल्पमतमा परेको सरकारले तत्काल राजीनामा दिनुपर्ने बताउनुभयो । उहाँहरुले अब बन्ने सरकारलाई काम गर्ने वातावरण सृजना गर्नुपर्ने बताए । सत्ताको नेतृत्वकर्ता दल नेकपा (माओवादी केन्द्र) का सांसद लेखनाथ दाहालले भने विश्वासको मतको प्रस्ताव प्रस्तुत भएर असफल भएपछि प्रधानमन्त्री एक मिनेट पनि पदमा नबस्ने र संविधानअनुसार सरकार अघि बढ्ने स्पष्ट गरे । सांसद बुद्धिमान तामाङले मुलुकमा बाढी, पहिरा र डुबानमा मृत्यु हुनेप्रति श्रद्धाञ्जली व्यक्त गर्दै खोजीकार्य तीव्र पार्न ध्यानाकर्षण गराए । सांसद महेन्द्रकुमार राय, सांसद मानवीर राई, सांसद मुक्ताकुमारी यादवले प्रकोपका कारण विस्थापितलाई राहत, क्षतिपूर्ति र बसोबासको व्यवस्थापन गर्न माग गरे । सांसद मनिष झाले पाठ्यसामग्री प्रकाशकले परिवर्तित पाठयक्रमअनुसार पाठ्यसामग्री परिवर्तन नगरी पुराना पाठ्यसामग्री पढाइएकामा आपत्ति जनाए ।

सांसद मङ्गलप्रसाद गुप्ताले धार्मिक पर्यटकीय क्षेत्र प्यूठानको स्वर्गद्वारीको विकास र प्रवर्द्धनका लागि पर्यटन मन्त्रालयको ध्यानाकर्षण गराए । सांसद रणेन्द्र बराली, रामकुमार राई, रमाकुमारी पौड्यालले अविरल वर्षाबाट उत्पन्न जोखिम न्यूनीकरणका लागि सरकारको ध्यानाकर्षण गराए । सांसदहरु रामकृष्ण यादव, रामशङ्कर यादव, रोशन कार्की, रामकुमारी राना बराइली, एलपी साँवा लिम्बू, लीलानाथ श्रेष्ठ र विजुला रायमाझीले समसामयिक विषयमा सदन र सरकारको ध्यानाकर्षण गराएका थिए । रासस

# 'एक्सन रूम'बाट बाढीपहिरोको क्षतिबारे जानकारी



**काठमाडौँ ।**
प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले बाढीपहिरोबाट प्रभावित जनताको जिउधनको रक्षाका निम्ति राज्यको सम्पूर्ण शक्ति लगाउन सम्बन्धित सबै निकायलाई निर्देशन दिएका छन् । सिंहदरबारस्थित 'कन्ट्रोल रुम'बाट बाढीपहिरोको क्षतिबारे जानकारी लिएपछि प्रधानमन्त्री प्रचण्डले प्राकृतिक विपद्का कारण प्रभावित नागरिकको उद्धार र राहतमा सक्रिय हुन सरकारका सम्पूर्ण निकायलाई निर्देशन दिए ।

बाढी पहिरोका कारण देशका विभिन्न भूभागमा भएको धनजनको क्षतिप्रति दुःख व्यक्त गर्दै प्रधानमन्त्रीले विपद्बाट प्रभावित नागरिकको उद्धार र राहतमा सक्रियतापूर्वक काम गर्नुपर्नेमा जोड दिए । 'विपद् व्यवस्थापनका लागि व्यवस्थित तयारी गरिएको छ । उच्च सतर्कता अपनाउन सम्पूर्ण रूपले मेहेनत गरेका छौँ' प्रधानमन्त्रीले भने 'यस वर्ष विपद्बाट ठूलो क्षति हुनसक्ने अनुमान गरिएको छ, सोहीअनुसार रोकथाम र क्षति न्यूनीकरणका लागि राम्रो तयारी छ, जनताको जीउधनको रक्षाका निम्ति सम्पूर्ण तागत लगाऔँ ।'

केही दिन अगाडि मात्रै आफूले उच्चस्तरीय विपद व्यवस्थापन तथा जोखिम न्यूनीकरण समितिको बैठक बोलाएर सबै सरकारी निकायबीच समन्वय गरेर जनताको जिउधनको सुरक्षामा खटिन निर्देशन दिएको बताउँदै प्रधानमन्त्रीले भने, 'वर्षा जारी छ, अझै क्षति हुन सक्छ । सडक अवरूद्ध हुन सक्छन् । त्यसैले उद्धार एवं राहतका काममा सक्रियतापूर्वक लागौँ ।' सम्भावित जोखिमप्रति सुरक्षा सतर्कता अपनाउन सम्पूर्ण नागरिकमा अनुरोध गर्दै प्रधानमन्त्रीले सरकारको प्रयासमा सार्थक हातेमालोका निम्ति सम्पूर्ण राजनीतिक दल, नागरिक समाज र सामाजिक संस्थाहरूसँग आग्रह गरे । रासस

# लगानी सहजीकरणसम्बन्धी विधेयक पारित



**काठमाडौँ ।**
राष्ट्रियसभाको आइतबारको बैठकले प्रतिनिधिसभाबाट सन्देशसहित लगानी सहजीकरणसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ सर्वसम्मतिले पारित गरेको छ । उक्त विधेयकलाई पारित गरियोस् भनी उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्रीकोसमेत कार्यभार सम्हालेका प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'का तर्फबाट सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले प्रस्ताव प्रस्तुत गरेकी थिइन् । सांसद सोनाम ग्याल्जेन शेर्पाले बफर क्षेत्रका स्थानीय जनताले लगानी गर्न चाहेमा कुन ढाँचाबाट लगानी गर्ने भन्ने स्पष्ट गर्नुपर्ने माग गरे । सांसद तुलप्रसाद विश्वकर्माले वन ऐनको विद्यमान व्यवस्थालाई ध्यान दिएर लगानी सहजीकरणसम्बन्धी कानुन ल्याउन आग्रह गरे । सांसद भगवती न्यौपानले मध्यवर्ती क्षेत्रमा आयोजना वा उद्योग व्यवसाय सञ्चालन गर्दा सङ्घ, प्रदेश र स्थानीय तहले समन्वयात्मक रुपमा काम गर्नुपर्नेमा जोड दिइन् । छलफलमा उठेका प्रश्नको जवाफ दिँदै मन्त्री शर्माले लगानी सम्मेलनका बेला व्यक्त प्रतिबद्धताअनुरुप लगानी प्रवर्द्र्धन गर्न उक्त कानुनको आवश्यकता रहेकाले अध्यादेशमार्फत कानुन जारी गरिएको जनाउँदै राष्ट्रिय निकुञ्ज ऐन, २०३९ र वनसम्बन्धी कानुनलाई आयोजना सञ्चालनको सहजता हेरेर समयानुकूल संशोधन गर्नुपर्ने भएकाले मूल कानुन संशोधनका समयमा थप छलफल हुने स्पष्ट पारिन् । राष्ट्रियसभाको अर्को बैठक यही असार २७ गते बिहीबारे बस्नेछ । रासस

# केन्द्रीय सदस्य सिफारिस गर्ने जिम्मेवारी प्रदेशलाई

**काठमाडौँ ।**
नेकपा (एकीकृत समाजवादी)को केन्द्रीय कमिटी बैठकले सबै प्रदेशका इञ्चार्ज र सचिवलाई केन्द्रीय सदस्यको नामावली सिफारिस गर्ने जिम्मेवारी दिएको छ ।

पार्टी अध्यक्ष माधवकुमार नेपालको अध्यक्षतामा आइतबार सम्पन्न बैठकले भूगोल, क्षेत्र तथा सन्तुलन मिलाएर क्षमताका आधारमा सम्बन्धित प्रदेशले केन्द्रीय कमिटी सदस्यको नाम केन्द्रमा पठाउन जिम्मेवारी प्रदान गरेको नेकपा (एकीकृत समाजवादी)का नेता सोमप्रसाद पाण्डेले जानकारी दिए । सबै प्रदेशबाट सिफारिस गरिएका सदस्यको अन्तिम टुङ्गो केन्द्रीय कमिटीले लगाउने छ । बैठकमा बाँकी पदाधिकारी व्यवस्थापन गर्न कार्यविधि तथा मापदण्ड बनाएर कमिटीलाई पूर्णता दिने विषय र मुलुकको समसामयिक राजनीतिक अवस्थाबारे समीक्षा गरिएको थियो ।

पार्टीको विधानमा प्रत्येक जिल्लाबाट कम्तीमा एक जना सदस्य केन्द्रीय कमिटीमा प्रतिनिधित्व सुनिश्चित गरिएको छ । सबै निर्वाचन क्षेत्रबाट केन्द्रीय कमिटीको निर्वाचन गर्दा २० प्रतिशत २५–४५ वर्ष उमेर समूहको आरक्षण गरिने विधानमा उल्लेख छ ।

शुक्रबार सम्पन्न नेकपा एसको महाधिवेशनले अध्यक्ष, सम्मानित नेता, महासचिवसहित ९३ केन्द्रीय सदस्य सर्वसम्मत चयन गरेको थियो । पार्टीमा दुई सय ९९ सदस्यीय कार्यसमिति तथा २१ पदाधिकारी रहने व्यवस्था गरिएको छ । रासस

# 'फौजदारी न्याय प्रशासन सुधार अध्ययन प्रतिवेदन' प्रस्तुत

**काठमाडौँ ।**
प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'समक्ष 'फौजदारी न्याय प्रशासन सुधार अध्ययन तथा सुझाव प्रतिवेदन, २०८१' प्रतिवेदन प्रस्तुत गरेको छ । महान्यायाधिवक्ता डा दीनमणि पोखरेलको अध्यक्षतामा गठित 'फौजदारी न्याय प्रशासन सुधार अध्ययन तथा सुझाव कार्यदल'ले तयार पारेको प्रतिवेदन प्रधानमन्त्रीसमक्ष महान्यायाधिवक्ताले प्रस्तुत गरेका हुन् । प्रतिवेदन ग्रहण गर्दै प्रधानमन्त्रीले कानुन सुधारका लागि कार्यदल गठन गरिएको स्मरण गर्दै प्राप्त सुझावलाई सरकारले गम्भीर रूपमा लिएर कार्यान्वयन गर्ने बताए ।

प्रतिवेदनमा मुलुकी अपराध संहिता, २०७४, मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ र फौजदारी कसुर सजाय निर्धारण तथा कार्यान्वयन ऐन, २०७४ लगायत विभिन्न विषयत फौजदारी कानुनमा गर्नुपर्ने सुधारका सम्बन्धमा सुझाव दिइएको छ । महान्यायाधिवक्ता पोखरलेले आफ्नो क्षेत्राधिकार प्रयोग गरेर फौजदारी, कार्यविधि, दण्डसजाय र संस्थागत सुधारका विषयमा कार्यदलले प्रतिवेदन तयार पारेको र त्यसले नीतिगत सुधारमा महत्त्वपूर्ण सहयोग गर्ने विश्वास व्यक्त गरे । विसं २०८० माघ १८ गते कार्यदल गठन गरिएको थियो । रासस

# चार हजारबढी कृषक आइपीएम प्रविधिबाट खेती गर्दै

**काभ्रेपलाञ्चोक ।**
तरकारी उत्पादनका लागि उर्वर भूमि मानिएको जिल्लाको पाँचखाल नगरका चार हजार पाँच सय कृषक एकीकृत शत्रुजीव व्यवस्थापन (आइपीएम) प्रविधिबाट खेती गर्दै आएका छन् । यहाँका कृषकले जैविक पद्दतिसम्बन्धी आईपीएमका चरणबद्ध तालिम लिएपछि सोहीअनुसार खेती गर्दै आएका हुन् । कृषकको क्षमता वृद्धि गराउनुका साथै रासायनिक विषादी कम गराई स्वच्छ फसल उत्पादन गराउने उद्देश्यले स्थानीयस्तरमा 'कृषक पाठशाला' सञ्चालन गरिएको थियो । तीन वर्षअघिदेखि सञ्चालित पाठशालाबाट हालसम्म ७५ वटा तालिम भइसकेका लवग्रीन नेपालका कार्यकारी प्रमुख नारायण ज्ञवालीले बताए ।



पहिलो वर्ष आधुनिक खेती प्रणालीका लागि दक्षता हासिल गरेका १५ सय कृषक थिए । दोस्रो वर्षमा तीन हजार र तेस्रो वर्ष चार हजार पाँच सय कृषक पुगेका उहाँले बताउनुभयो । उक्त संस्थाले वडास्तरमा कृषक पाठशाला सञ्चालन गरी उक्त संख्यामा आइपीएम प्रविधिमा खेती गर्ने दक्ष कृषक बनाएको हो । विशेषगरी आइपीएम प्रविधिअनुसार उत्पादित तरकारी अर्गानिक हुने प्रमुख ज्ञवालीले बताए ।

उनका अनुसार बालीमा शत्रुलाई मार्ने र मित्र जीवलाई बचाउनेलगायत जैविक विषादी निर्माण, प्रयोग विधि, उत्पादित तरकारीलगायत खाद्यान्न अर्गानिक हुने गर्दछ । संस्थाले हालै मात्र पाँचखाल–६ धोत्रामा सञ्चालित २३ हप्ते आईपीएम तालिम समापन गरेको छ ।

आइपीएम प्रविधि, कृषि विज्ञको सल्लाह तथा सुझावका आधारमा जैविक एवम् आधुनिक तरिका अपनाउँदा उत्पादन वृद्धि भई नाफा हुन थालेको स्थानीय कृषक बताउँछन् ।

'रासायनिक विषादी हाल्दा महङ्गो र स्वास्थ्यलाई असर गर्ने हुन्छ । तालिमपछि स्थानीयस्तरमै उपलब्ध सामग्रीबाट घरमै जैविक मल र विषादी बनाएर प्रयोग गर्दा कम खर्चिलो र उत्पादनबाट केही नाफा बढेको छ', धोत्रा कृषक समूहका अध्यक्ष पिताम्बर दनुवारले भने ।

उनका अनुसार पाँचखालमा तालिमप्राप्त कृषकले आईपीएम प्रविधिबाट खेत गर्दै आएका छन् । तीन वर्षअघि आइपीएम तालिम लिनुभएका पाँचखाल–६ का कृषक केदार ढुङ्गानाले स्थानीय तितेपाती, असुरो, खरानी, गाइभैँसीको मूत्रको प्रयोगबाट खेतीबालीमा लाग्ने रोग तथा किरा नियन्त्रण गरी स्वच्छ फसल उत्पादन बढाउनेबारे सैद्धान्तिक र व्यावहारिक ज्ञान हासिल गरेको बताए । 'तालिम लिएपछि रासायनिक मल र विषादीका लागि हुने लगानी तथा स्वास्थ्यमा पर्ने असर न्यूनीकरण गर्न प्राङ्गारिक खेती गर्न थालेका हौँ' उनले भने । कुन जीव मित्र र शत्रु हो भन्ने पहिचान नगरी जथाभावी विषादी प्रयोग गर्दा बेफाइदा हुने भएकाले कृषकले शत्रु जीवलाई जैविक विषादीबाट नष्ट गर्ने ज्ञान र सीप पाठशालाबाट पाइएको ढुङ्गानाको भनाइ छ ।

आइपीएम प्रविधिको खेतीले पाँचखालमा उत्पादित विषादीरहित तरकारी उत्पादन हुँदा उपभोक्ताको स्वास्थ्यमा नकारात्मक असर नगर्ने बताइएको छ । वडा नं ६ का वडाध्यक्ष रामशरण दुलालले विगतका वर्ष खेतीमा आधुनिकीकरण थाहा नपाएका कृषकलाई आइपीएम प्रविधि निकै प्रभावकारी रहेको बताए । 'यहाँका कृषक पूर्णरुपमा अर्गानिक तरकारी उत्पादनमा जोड दिइरहनुभएको छ, यसका वडाको तर्फबाट सहयोग भइरहेको छ' उनले भने । पाँचखालमा उत्पादित तरकारी परीक्षण गरी बिक्री स्थलको व्यवस्थापनतर्फ लाग्ने दुलालको भनाइ छ ।

संस्थाले पाँचखाल नगरलाई 'विषादीरहित तरकारी उत्पादन हव'को रुपमा परिचित गराउने कार्यमा निरन्तर लागेको जनाएको छ । आइपीएम प्रविधि जानेका कृषकले नजानेका कृषकलाई सिकाउने अभियान थालिने ज्ञवालीले बताए । उनका अनुसार खेतीमा कुनै समस्या आएमा तत्काल खेतबारीमा पुग्ने प्राविधिककोसमेत व्यवस्था गरिएको छ ।

संस्थाले करिब तीन वर्षको अवधिमा माध्यमिकस्तरका पाँच हजार दुई विद्यार्थीलाई विद्यालयमा रासायनिक मल तथा विषादीको असर र त्यसको न्यूनीकरणका उपाय, दिगो कृषिको अवधारणालगायत विषयमा कक्षा सञ्चालन गरेको थियो ।

यसैबीच पाँचखालका कृषकलाई प्रयोगशाला केन्द्र (रेपिड बायो एसे पेस्टिसाइड रेजिड्यू–आरबीपीआर ल्याव)मा उत्पादित तरकारीको विषादी अवशेषको मात्र परीक्षण गर्न ल्याउन पनि नगरपालिकाले सबैमा अपील गर्दै आएको छ । केन्द्रमा करिब चार वर्षदेखि जिल्लाको विभिन्न स्थानको तरकारीको नमूना सङ्कलन गरी नियमित परीक्षण हुँदै आएको छ । सङ्कलित नमूनाको विषादी अवशेष परीक्षण/मापन गर्दा सुरक्षित मापदण्डभित्र रहँदै आएको जनाइएको छ । गत वर्षको परीक्षणबाट पाँचखालको तरकारीमा विषादीको रुकावट प्रतिशत (इमिसन रेट) सरदर तीनदेखि नौ प्रतिशतसम्म झर्ने गरेको र १० देखि २० इमिसन रेटसम्मका तरकारी उत्पादन भइरहेको देखाएको थियो ।

वाग्मती प्रदशेको विषादी अवशेष द्रुत विश्लेषण कार्यविधी, २०७५ मा ३५ देखि ४५ प्रतिशतसम्म देखिएमा ४–५ दिन क्वारेन्टिनमा राखेर पुनःपरीक्षणमा ३५ प्रतिशतभन्दा कम नतिजा आएमा खानयोग्य हुने र ४५ प्रतिशतभन्दा बढी 'इन्हिविसन' आएमा उक्त कृषि उपजलाई खान अयोग्य मानेर नष्ट गर्नुपर्ने उल्लेख छ । काभ्रेपलाञ्चोसहित प्रदेशका चितवन, मकवानपुर, ललितपुर र नुवाकोटमा आरबीपीआर ल्याब रहेका छन् । रासस

## नेप्से परिसूचक दोहोरो अङ्कले बढ्यो

**काठमाडौँ ।**
यो साता कारोबारको पहिलो दिन नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा दोहोरो अङ्कको वृद्धि देखिँदा कारोबार रकम छ अर्ब नाँघेको छ । नेप्सेका अनुसार आइतबार परिसूचक २१ दशमलव २७ प्रतिशतले बढेर दुई हजार एक सय ४० दशमलव ९७ विन्दुमा कायम भएको हो । आइतबार तीन सय २५ कम्पनीको एक करोड ४० लाख १४ हजार छ सय २२ कित्ता शेयर ८० हजार आठ सय ३८ पटक खरिदबिक्री हुँदा छ अर्ब २९ लाख ३१ हजार आठ सय ५४ रुपैयाँ बराबरको कारोबार भएको छ ।

विकास बैंक समूह शून्य दशमलव २४, वित्त समूह दुई दशमलव ०७ र व्यापार समूह दुई दशमलव २३ प्रतिशतले घटेको छ भने अरु सबै समूहको उपसूचक बढेको छ । बैंकिङ शून्य दशमलव ७८, होटल तथा पर्यटन दुई दशमलव ९६, जलविद्युत् शून्य दशमलव ०१, लगानी एक दशमलव ८५ र जीवन बीमा एक दशमलव ५२ प्रतिशतले बढेको छ । उत्पादन तथा प्रशोधन एक दशमलव १७, लघुवित्त एक दशमलव ४६, म्युचुअल फण्ड शून्य दशमलव ३२, निर्जीवन बीमा एक दशमलव ३२ र अन्य समूहको उपसूचक दुई दशमलव २५ प्रतिशतले बढेको छ ।

सिइडिबी हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेडको शेयर मूल्य सबैभन्दा धेरै पाँच दशमलव २५ प्रतिशतले बढेको छ । सबैभन्दा धेरै घट्नेमा भने मैलुङ खोला जलविद्युत् कम्पनी लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ । कारोबार रकमका आधारमा आज सबैभन्दा धेरै एनआरएन इन्फ्रास्ट्रक्चर एन्ड डेभलपमेन्ट लिमिटेडको २१ करोड ७१ लाख ४८ हजार आठ सय एक रुपैयाँ बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर संख्याका आधारमा नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेडको चार लाख ७५ हजार सात सय ३० कित्ता शेयर किनबेच भएको छ । रासस

## एपीएफ र सुदूरपश्चिमलाई बास्केटबल उपाधि

**काठमाडौँ ।**
सशस्त्र प्रहरी बलको एपीएफ क्लब र सुदूरपश्चिम प्रदेशले पारा तथा विशेष खेलकुदअन्तर्गत ह्वीलचेयर बास्केटबल प्रतियोगिताको उपाधि जितेका छन् । एपीएफ पुरुषतर्फ र सुदूरपश्चिम महिलातर्फ विजयी बनेका हुन् । राष्ट्रिय खेलकुद परिषद् (राखेप) को आयोजना तथा नेपाल स्पाइनल कोर्ड इन्जुरी खेलकुद सङ्घको व्यवस्थापनमा कैलालीको अत्तरखेलमा रहेको बौद्ध इन्टरनेशनल स्कुलको इन्डोर हलमा भएको पुरुषतर्फको फाइनलमा एपीएफले बागमती प्रदेशलाई ३९–२० ले हरायो । पुरुषतर्फ नै गण्डकी प्रदेशले सुदूरपश्चिमलाई २६–१६ ले हराउँदै तेस्रो भयो । यस्तै महिलातर्फको फाइनलमा सुदूरपश्चिमले कोशी प्रदेशलाई १५–१० ले हरायो । महिलातर्फ नै लुम्बिनीले कर्णाली प्रदेशलाई १२–८ ले हराउँदै तेस्रो भयो । रासस

## नाटो स्थापनाको ७५ वर्ष पूरा



**एएफपी**
**वासिङ्टन**
नाटोको ७५औँ वार्षिकोत्सवको अवसरमा आयोजना हुने सम्मेलनको उद्देश्य ठूलो र बलियो गठबन्धनको विजय प्रदर्शन गर्नु रहेको थियो । तर युक्रेन युद्ध र एटलान्टिकको दुवै छेउमा चुनावी परिणामको छाँयाका विषयमा छलफल गर्न नेताहरू वासिङ्टनमा भेला हुने भएका छन् । अमेरिकी राष्ट्रपति जो बाइडेनले मङ्गलबारदेखि तीन दिनका लागि आयोजित सम्मेलनमा ३२ ट्रान्सएटलान्टिक राष्ट्र गठबन्धनका नेताहरूलाई स्वागत गर्ने तयारीमा छन् । बाइडेनले एसियामा नाटोको बढ्दो भूमिकाको सङ्केत गर्न अस्ट्रेलिया, जापान, न्युजिल्यान्ड र दक्षिण कोरियाका नेताहरूलाई पनि आमन्त्रित गरेका छन् ।

विश्वव्यासपी समर्थन खोजी रहेका युक्रेनी राष्ट्रपति भ्लादिमिर जेलेन्स्की सम्मेलनको मुख्य पात्र हुनेछन् । यद्यपि नाटोले युक्रेनलाई सम्मेलनको निमन्त्रणा दिने छैन । तत्कालिन सोभियत सङ्घविरुद्ध सामूहिक रक्षा प्रदान गर्न १९४९ मा स्थापित नाटो सन् २०२२ मा रूसले युक्रेनमा आक्रमण गरेपछि युक्रेनलाई समर्थन गर्दै आफ्नो पुरानै स्वरुपमा फर्किएको छ । 'युरोपेली सुरक्षाका लागि महत्वपूर्ण मोडमा भइरहेको यो शिखर सम्मेलन प्रारम्भिक योजनाहरूभन्दा धेरै फरक हुनेछ' एक युरोपेली अधिकारीले बताए । सेन्टर फर स्ट्राटेजिक एन्ड इन्टरनेसनल स्टडीजका युरोप, रूस र युरेशिया कार्यक्रमका निर्देशक म्याक्स बर्गम्यानले यो शिखर सम्मेलन 'सबैभन्दा राम्रो साथै सबैभन्दा खराब समय' मा हुन लागेको बताए ।

'सबैभन्दा राम्रो समय यस अर्थमा कि रूसलाई रोक्न गठबन्धनका सदस्यहरूले बढी खर्च गरिरहेका छन्' उनले भने । युक्रेन युद्धमा युरोपेली रक्षा खर्च बढ्ने र संयुक्त राज्य अमेरिकाको विश्वसनीयताबारे चिन्ता हुनसक्ने चुनौतीसँगै यसलाई खराब समय भएको बताए । विगतमा रूसी शक्तिशाली नेता भ्लादिमिर पुटिनको प्रशंसा गर्दै आएका डोनाल्ड ट्रम्पले लामो समयदेखि नाटोलाई संयुक्त राज्य अमेरिकामा अनुचित आर्थिक बोझको रूपमा आलोचना गर्दै आएका छन् । नाटोका निवर्तमान महासचिव जेन्स स्टोल्टेनबर्गले युक्रेनका लागि सैन्य सहायताको समन्वयमा संयुक्त राज्य अमेरिकालाई मात्र नभई गठबन्धनलाई नै अगाडि राख्ने प्रयासको नेतृत्व गरेका छन् । किएभ रूसविरुद्ध लामो युद्धको लागि तयारी गरिरहँदा स्टोल्टेनबर्गले गठबन्धनसँग विश्वसनीय र लगातार समर्थन सुनिश्चित गर्दै युक्रेनका लागि प्रति वर्ष कम्तिमा ४० अर्ब यूरो सैन्य सहायतामा प्रतिबद्ध रहने आशा गरेका छन् ।

# अम्बानीको भव्य वैवाहिक कार्यक्रम र अतिथिको चर्चा

**एपी**
**नयाँदिल्ली ।**
भारतका सबैभन्दा धनी व्यक्ति मुकेश अम्बानीले आफ्नो छोराको भव्य विवाह गर्ने भएका छन् । गत मार्चमा एसियाका सबैभन्दा धनी व्यक्ति मुकेश अम्बानीले आफ्ना छोराका लागि तीन दिने विवाहपूर्वको (प्रि–वेडिङ) पार्टी दिएका थिए । पार्टीमा पूर्व विश्व नेता, प्रबिधि क्षेत्रका ख्यातिप्राप्त व्यक्ति र भारतीय सिने जगत् (बलिउड) का सुप्रसिद्ध कलाकारसहित एक हजार दुई सय जनाको अतिथि सूची र प्रख्यात गायिका रिहानाको प्रस्तुति समावेश थियो । यो केवल उनीहरूको महिनौं लामो भव्य विवाहपूर्व समारोहको सुरुवात थियो । यसले विश्वका प्रसिद्ध पत्रपत्रिका तथा अनलाइनमा समाचारको मुख्य समाचारको स्थान पाएको थियो । सामाजिक सञ्जालमा व्यापक चर्चा पाएको थियो ।

मे महिनामा, अम्वानी परिवारले तीन दिने समारोहका अवसरमा अतिथिहरूलाई सुविधासम्पन्न पानीजहाजमा इटालीदेखि फ्रान्ससम्मको यात्रामा लगेको थियो । डेभिड गुएटाको डीजे सेट, केटी पेरीको सुप्रसिद्ध गीत 'फायरवर्क' र पिटबुलको प्रदर्शनको साथ यसलाई भव्य साङ्गीतिक माहोलबीच अन्त्य गरिएको थियो । उनान्तीस वर्षीय अनन्त अम्बानीले आफ्नी प्रेमिका राधिका मर्चेन्टसँग विवाह गर्ने भएपछि यसको तयारीमा गरिएको विवाहपूर्वको पार्टी र उत्सवले निकै चर्चा पाएको थियो ।

### –विश्वका नवौँ धनी र एसियाकै सबैभन्दा धनी व्यक्ति –

फोब्र्स पत्रिकाका अनुसार दुलहाका पिता ६६ बर्षीय मुकेश अम्बानी हाल ११६ अर्ब अमेरिकी डलर सम्पत्तिका साथ विश्वका नवौँ धनी व्यक्ति हुन् । उनी एसियाकै सबैभन्दा धनी व्यक्ति पनि हुन् । उनको पेट्रोकेमिकल्स, र तेल र ग्याँस देखि दूरसञ्चार र खुदरासम्मको सेवाबाट वार्षिक एक खर्ब अमेरिकी डलरभन्दा बढी आम्दानी गर्ने रिलायन्स इन्डष्ट्रिज एक विशाल व्यावसायिक समूह हो ।



अम्बानी परिवारको अन्य सम्पत्तिका अलावा मुम्बईमा एन्टिला नामक २७ तले निजी अपार्टमेन्ट छ । यसको मूल्य मुम्बईमा एक अर्ब अमेरिकी डलर छ । यसमा तीनवटा हेलिप्याड, १६० कारको ग्यारेज, निजी सिनेमा हल, स्विमिङ पुल र फिटनेस सेन्टर छन् ।

अम्बानीका आलोचकहरूका अनुसार अम्बानीको कम्पनी सन् १९७० र ८० को दशकमा भारतीय काङ्ग्रेस सरकारको समयमा र सन् २०१४ पछि प्रधानमन्त्री नरेन्द्र मोदीको शासनकालमा राजनीतिक सम्बन्धका कारण फस्टाएको हो । भारतमा आसेपासे पूँजीवाद (क्रोनी क्यापिटलिज्म) ले अम्बानीजस्ता केही कर्पोरेसनलाई फस्टाउन मद्दत गरेको उनीहरूको भनाइ छ । अम्बानीले आफ्ना दुई छोरा र छोरीलाई जिम्मेवारी हस्तान्तरण गर्न थालेका छन् । सबैभन्दा जेठो छोरा आकाश अम्बानी अहिले 'रिलायन्स जियो'को अध्यक्ष हुन् । उनकी छोरी इशाले खुद्रा व्यापारको रेखदेख हुन भने कान्छो छोरा अर्थात् भावी दुलहा अनन्तलाई नयाँ ऊर्जा व्यवसायमा सामेल गरिएको छ ।

### –दुलाहा र दुलहीको परिचय–

रिलायन्स इन्डस्ट्रिजको वेबसाइटका अनुसार अनन्तले ब्राउन युनिभर्सिटीबाट स्नातक गरेका छन र समूहको नवीकरणीय र हरित ऊर्जा विस्तारसम्बन्धी जिम्मेवारी सम्हालेका छन् । उनले गृहनगर अर्थात् गुजरात राज्यको जामनगरमा तीन हजार एकड (लगभग १२ हजार हेक्टर) पशु उद्धार केन्द्र पनि चलाएका छन् । उनीहरूले गृहनगर जामनगरमा मार्चमा अतिथिहरू भेला गरी असाधारण विवाहपूर्वको पार्टीमा उत्सव मनाएका थिए । हुनेवाला बेहुली अर्थात् २९ वर्षीया राधिका मर्चेन्ट औषधि व्यवसायी भिरेन मर्चेन्टकी छोरी हुन् । उनी 'एनकोर हेल्थकेयर' का मार्केटिङ डाइरेक्टर हुन् । सन् २०१७ मा दुवै जनाका साथीमार्फत यी दुईको परिचय भएको उनले सञ्चारमाध्मलाई बताएकी छन् । 'त्यो पहिलो भेटले हामीबीच केही विशेष कुरा जन्मायो, र हामीले 'डेटिङ' सुरु गरेको धेरै समय भएको छैन' उनले भने ।

### –विवाह मिति र कार्यक्रम र अतिथि–

स्थानीय सञ्चारमाध्यमका अनुसार विवाहको मुख्य समारोह जुलाई १२ मा हुनेछ भने जुलाई १४ मा भव्य भोज (रिसेप्शन) हुनेछ । अम्बानीको मुम्बई शहरमा रहेको जियो वर्ल्ड कन्भेन्सन सेन्टर र उनीहरूको पारिवारिक घरको बीचमा सेलिब्रेसन विभाजित हुने अपेक्षा गरिएको छ । हिन्दू रीतिरिवाजअनुसार दम्पतीको जन्मकुण्डलीको आधारमा मिति तय गरिएको र जुलाई १४ लाई शुभ मानिएको बताइएको छ । साथै परम्परालाई ध्यानमा राख्दै, विवाहको पारम्परिक कार्यक्रम र अनुष्ठानभन्दा सेलिब्रेसन पहिले हुनेछ ।

शुक्रबार भारतीय सामाजिक सञ्जालमा यो जोडीको सङ्गीतको भिडियोले भरिएको थियो, जहाँ दुलहा र दुलहीका परिवारले अतिथिहरूका लागि नृत्य प्रस्तुत गरेका थिए ।

***कार्यक्रममा आलिया भट्ट, रणवीर सिंह, सलमान खान, जस्टिन बीबरलगायत बलिउड स्टारको पनि प्रस्तुति रहेको स्थानीय सञ्चारमाध्यमले जनाएका छन् । परिवारले गत हप्ता ५० भन्दा बढी विपन्न दम्पतीका लागि सामूहिक विवाहको आयोजना पनि गरेको थियो ।***

असाधारण पार्टीहरू अम्बानीहरूको विशेषता हो र अर्को हप्ताको घटनाहरूले अधिक सेलिब्रिटी, अर्बपति र विश्व नेताहरूलाई आकर्षित गर्ने अपेक्षा गरिएको छ ।

गत मार्चमा विवाहपूर्वको पार्टीमा बिल गेट्स, मार्क जुकरबर्ग, क्यानडा र कतारका पूर्व नेताहरुका साथै शाहरुख खान र दीपिका पादुकोणजस्ता बलिउडका ए–लिस्ट स्टारको पनि उपस्थिति थियो । रिहानाको अलावा, अकोन र अन्तर्राष्ट्रिय ख्याति कमाएका एक पञ्जाबी गायक दिलजीत दोसाँझले कोचेलामा प्रदर्शन गरेका थिए । सन् २०१८ मा, अम्बानीले छोरीको विवाह गरिदिँदा पनि भव्य उत्सवको कारण पत्रपत्रिकाले निकै महत्त्व दिएका थिए । छोरीको विवाह, विवाहमा सहभागी अतिथि र पप गायक बियोन्सेल साङ्गीतिक प्रस्तुति विवाहपूर्वको उत्सवमा प्रदर्शन गरेका थिए । त्यतिबेला अमेरिकाका पूर्व विदेशमन्त्रीहरू हिलारी क्लिन्टन र जोन केरीले पश्चिमी भारतीय शहर उदयपुरमा भारतीय सेलिब्रेटी र बलिउड स्टारहरूसँगै विवाहमा सहभागी भएका थिए ।

# धनपालथान संरक्षणको पर्खाइमा



**मोरङ ।**
जिल्लाको धनपालथान गाउँपालिकाको अस्तित्वसँग जोडिएको पुरातात्विक महत्वको धनपालथान संरक्षणको पर्खाइमा रहेको छ । राजा धनपालको नामबाट गाउँपालिकाको नामाकरण गरिए पनि उक्त स्थानको संरक्षण र प्रवर्द्धन नहुँदा ओझेलमा पर्दै गएको हो । धनपालथान गाउँपालिकाको वडा नं ७ मा अवस्थित छ । यो ठाउँलाई स्थानीय भाषामा राजा धनपालको रजवाडा भनिन्छ । प्राचीन रजवाडा झण्डै चार बिघाह क्षेत्रफलमा फैलिएको छ । पुरातात्विक महत्व बोकेको यस स्थानको नामबाट साविकको नोचा, कदमाहा, दादरबैरिया, अमाही बरियाती र सोराभाग गाविसलाई समेटेर पुनःसंरचना भएको पालिकाको नाम धनपालथान गाउँपालिका राखिएको राजा धनपालथान संरक्षण तथा विकास समितिका अध्यक्ष सञ्जय सिंहले बताए । रजवाडा परिसरमा निकै अगाडि बनाइएका टहरा जीर्ण अवस्थामा छन् भने २०५७ सालमा गठन भएको संरक्षण समितिले बनाएको देवी रणकाली र राजा धनपालको सिमेन्टको मुर्तिसमेत टुटेर जीर्ण बनेको उनले बताए । समितिका अध्यक्ष सिंहका अनुसार यहाँ आसपासमा पुरातात्विक महत्वको कयौँ वस्तु तथा मुर्ति भेटिएका छन् । विसं २०७१ मा स्थानीय किसान रघुसिंह नुनियाले रजवाडा नजिकैको खेतमा हलो जोत्ने क्रममा भगवान विष्णुको धातुको प्राचीन मुर्ति भेट्नुभएको थियो । उक्त मुर्ति संरक्षणका लागि ईलाका प्रहरी कार्यालय रङ्गेलीमा जिम्मा लगाइएको उनले जानकारी दिए ।

'२०१७ सालमा नजिकै रहेको पोखरी उत्खन्न गर्ने क्रममा धातुका पुराना भाँडावर्तनलगायतका विभिन्न सामग्रि भेटिएपनि हाल ती सामग्री कहाँ छन्, यस विषयमा स्थानीय अनविज्ञ छन्', अध्यक्ष सिंहले भने । धनपालथान–७ का स्थानीय उचितलाल मण्डलले रजवाडा परिसरमा खन्दा करिब डेढ फिट लम्बाइ र चौडाइका पुराना माटोका इँटाहरु भेटिने गरेको बताए । 'यहाँ निकै पुरानो संरचना भेटिने गरेका छन् । यस क्षेत्रको उत्खनन गर्नुका साथै यसको संरक्षण र प्रवद्र्धन गरी पर्यटन प्रवद्र्धन गर्न सकिन्छ', उनले भने । स्थानीय राजेन्द्र कामतले उत्खनन र अध्ययनसम्म नगरिएकाले राजा धनपाल कुन कालखण्डका को हुन् भन्नेसम्म खुल्न नसकेको बताए । 'प्राचीन विराट राजाको राज्यअन्तर्गत पर्ने यस स्थानमा रहेको मन्दिर विराट राजाले निर्माण गरेको किंवदन्ती छ', उनले भने । पुरातत्व विभागले यहाँको अध्ययन अन्वेषण गरी तथ्य पत्ता लगाउनुपर्ने गाउँपालिका अध्यक्ष जिवछप्रसाद गच्छदारले बताए । धनपालथान क्षेत्रमा गाउँपालिकाले मन्दिर मनाइसकेको भन्दै मन्दिर परिसरमा पर्खाल घेराबारा गरी मुर्ति स्थापना गरिने उनले जानकारी दिए । अध्यक्ष गच्छदारले स्थानीय सरकारसँग पर्याप्त बजेट नहुँदा पूर्वाधार निर्माण र संरक्षणमा समस्या भएको बताए । उनले प्रदेश र सङ्घ सरकारले आर्थिक सहयोग गर्नुपर्नेमा जोड दिए । पुरातत्व विभागले यस ठाउँमा १५ वर्षअघि सामान्य अध्ययन गरी मध्यकालीन संरचना भएको हुनसक्ने निष्कर्षसहित विभागमा सूचीकृत गरेको पुरातत्वविद् भाष्कर ज्ञवालीले जानकारी दिए । उनले धनपालगढीमा बाहिरबाट संरचना नदेखिने भएकाले सतहमुनिको अध्ययन 'जियोलोजिकल सर्वे' गर्दा पौराणिकता तथ्य स्पष्ट हुने बताए ।

# दोर्दीको दारबाट ठेकीदेखि करुवासम्म

**लमजुङ ।**
लमजुङ जिल्लाको दोर्दीका राजेन्द्र विकलाई दारबाट निर्माण गरिने विभिन्न हस्तकलाका सामग्री बनाउने कामले भ्याइनभ्याइ छ । यतिबेला वर्षायाममा गाउँका अधिकांश खेत रोपाइँमा व्यस्त रहँदा पनि उनी भने घरसँगैको कटेरामा बसेर दारको काठबाट विभिन्न सामग्री बनाउनै व्यस्त छन् । श्रीकृष्ण हस्तकला उद्योगको नाममा दर्ता भएको त्यही टहरोमा बनेका ससाना ठेकी, रक्सी राखिने कप, कप, कचौरा, थालदेखि करुवासम्मका सामग्रीहरु निर्माण हुने गर्दछन् । ३७ वर्षीय राजेन्द्र विकले आफ्नो पुख्र्यौली पेसालाई निरन्तरता मात्र दिएका छैनन्, व्यावसायिक रुपमा दारका सामग्री बनाई राम्रो आम्दानी पनि गरिरहेका छन् । जङ्गलमा प्रशस्त पाइने दारको काठबाट बनाइने ठेकी किन्न पहिलेदेखि मानिसहरु दोर्दी पुग्ने गर्दथे । हातले काटेर बनाइएका ठेकी लिएर गाउँघरमा बेच्दै आउनेहरुले शुरुको समयमा अन्नसँग साटेर र पछि नगदमा बिक्री गर्दथे । परम्परागत रुपमा निर्माण गरिंदै आएको घरासयी प्रयोजनमा आउने दारका विभिन्न सामग्रीहरुलाई उनले समयानुकूल परिमार्जन गर्दै लगेका छन् । प्रविधिसँगै सामानहरुका आकार प्रकार र बनोट पनि परिस्कृत बन्दै गएका छन् । सानो आकारमा उत्पादन गरिएका ठेकी, रक्सी पिउने कप र करुवा बनाउन राजेन्द्र विकलाई विद्युत्बाट चल्ने मेशिनले सजिलो बनाएको उनले बताए । राजेन्द्रका बाबुले ठेकी बनाउँदा छालाको प्रयोग गरी दुईजनाले चलाउने घुर्रा हुन्थ्यो, यसैलाई दुईतिरबाट तानेर घुम्दै गरेको तिखो औजारबाट काठलाई छेडेर ठेकी तयार हुन्थ्यो । उनका दाजुले त्यसलाई अलि परिमार्जन गरी पानीको धाराबाट मदानी घुमाएर काम गर्न थाले । राजेन्द्रले दाजुको पछिपछि लागेर ठेकी बनाउन सिक्न भएको थियो । सुरुआती समयमा पुख्र्यौली पेसा अँगालेका विकले ठेकी उत्पादन गरेर गाउँगाउँसम्म पु¥याएको उनी स्मरण गर्छन् । ठेकी बेचेर मात्र आफ्नो परिवार पाल्न कठिन भएपछि राजेन्द्र यसैमा अडिन सक्न भएन । परिवार पाल्नकै लागि विदेश हानिए तर विदेशमा कमाई चित्तबुझ्दो भएन । विदेशमा बस्दा उनले काठबाट विभिन्न किसिमका सामग्री बनाएको भिडियोहरु देखेपछि आफ्नो पुख्र्यौली पेसालाई परिमार्जन गरी व्यावसायिक रुपमा उत्पादन गर्न सकिएमा विदेशभन्दा घरमै राम्रो आम्दानी गर्न सकिने सोच आयो । झण्डै १० वर्षको विदेश बसाईपछि उनले घरमै आएर दारका आधुनिक सामग्री बनाउने उद्योग स्थापना गरे । सुरुआती दिनमा दारबाट बनाएका सामान बेच्दै गर्जो टार्ने गरे पनि विस्तारै उनका सामग्रीको माग बढन थालेको छ । उनी भन्छन्, 'अहिले यसरी घरघरमा पुगेर बेच्नु पर्ने अवस्था छैन । आफ्नो घरमै आएर किनेर लैजान्छन् ।' जिल्ला बाहिरसमेत दारको सामग्री चिनाउन सकेमा आफ्नो व्यवसायले ठूलै फड्को मार्ने विश्वास राजेन्द्रलाई छ । दोर्दीको वनमा पाइने दारलाई सदुपयोग गर्दै सामान बनाउने हो भने मासिक चार÷पाँच लाखसम्मको सामान उत्पादन गर्न सकिने उनले बताए ।

दारको काठबाट निर्माण भएका सामग्रीलाई उपहारको रुपमा दिने क्रम बढेसँगै उनलाई विभिन्न सामग्रीहरुको माग पूरा गर्न भ्याइनभ्याइ भएको हो । शुरुमा दोर्दी गाउँपालिकाले घरेलु सामग्री प्रबद्र्धनको लागि आफ्नै पालिकामा उत्पादन भएका सामग्रीलाई उपहार र मायाँको चिनोको रुपमा प्रयोग गर्न थालेपछि यहाँका दारबाट बनेका सामानहरु विस्तारै प्रख्यात हुन थालेका छन् । पालिकाको चिनारी समेत हुने भएपछि गाउँपालिकाका अध्यक्ष युवराज अधिकारी आफू जहाँ पुग्यो, तिनै सामान उपहारको लागि लिएर जाने गर्छन् ।

केही समयअघि आफू चीन भ्रमणमा जाँदा समेत यिनै सामग्री लिएर गएको बताउँदै अध्यक्ष अधिकारीले भने, 'त्यहाँ नेपाली उत्पादनलाई धेरैले निकै मन पराए ।' गाउँपालिकामा पनि सबैजसो टेबलमा दारबाट बनेका सामग्री राखिएको छ । त्यहाँ पुग्ने जो कोहीले त्यसबारेमा सोधखोज गर्दछन् । एकाध व्यक्तिबाहेक सबैले खोज्दै आएर वा फोन सम्पर्क गरेर सामग्री मगाउने राजेन्द्र बताउँछन् । सामान खोज्दै ग्राहक आफ्नै दैलोमा आईपुग्दा राजेन्द्र हौसिने गर्छन् । दारको काठको बारेमा धेरैलाई जानकारी नहुँदा भने व्यवसायमा समस्या रहेको बताउँदै उनी भन्छन्, 'दारबाट सामान बनाउनको लागि मेहनत र लागत बढी पर्दछ, सोही अनुसार जिल्लाको बजार पुग्दैन, बाहिरी जिल्लामा लैजाँदा मानिसहरुले सामान चिन्न सक्दैनन्, अन्य काठबाट बनेका उस्तै सामान सस्तोमा पाइन्छ, तर सस्तोमा दिन सकिँदैन ।'

# विपद् जोखिम बढ्यो
# एक महिनामा ६२ को मृत्यु

**काठमाडौँ ।**
मनसुन सुरु भएयता बाढी, पहिरो, चट्याङजस्ता मनसुनजन्य विपद्का कारण ६२ जनाको मृत्यु, चार जना बेपत्ता र ९० जना घाइते भएका छन् । गृह मन्त्रालयअन्तर्गत राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण र राष्ट्रिय आपत्कालीन कार्य सञ्चालन केन्द्रले उक्त तथ्याङ्कबारे जानकारी गराएको हो । केन्द्रका अनुसार यस अवधिमा बाढीका कारण मोरङमा एक, दाङमा तीन, कैलालीमा एक, काभ्रेपलाञ्चोकमा दुई, उदयपुरमा एक, पाल्पामा एकगरी नौ जनाको मृत्यु भएको छ । बाढीकै कारण दुई जना बेपत्ता छन् । पाँच घरमा पूर्ण रुपमा क्षति पुगेको छ । ११ घरमा आंशिक क्षति भएको छ । पहिराका कारण ३४ जनाले ज्यान गुमाएका छन् । पहिराले दुई जना बेपत्ता र ३८ जना घाइते भएको प्राधिकरणको तथ्याङ्कमा उल्लेख छ । पहिराले ४३ घर पूर्ण रुपमा क्षति भएको छ । २४ घरमा आंशिक क्षति पुगेको छ । १९ वटा गोठमा क्षति भएको छ भने १२ जना घाइते भएका छन् । ११ घर पूर्ण रुपमा र छ घर आंशिक रुपमा क्षतिग्रस्त छन् । बाढी र पहिराले हालसम्म आठ करोड छ लाख बराबरको क्षति भएको प्राधिकरणले जनाएको छ । चट्याङ्बाट १९ जनाको मृत्यु र ३५ जना घाइते भएका छन् । 'बाढी, पहिरो, डुबान, चट्याङजस्ता मनसुनजन्य घटना अझै बढ्दो क्रममा छ, क्षति न्यूनीकरणका लागि सम्बन्धित निकायसँग समन्वय र सहकार्य गरेर अगाडि बढिरहेका छौँ', प्राधिकरणका प्रवक्ता डा डिजन भट्टराईले भने, 'यस वर्ष सरदरभन्दा बढी पानी पर्ने र १८ लाख मानिस प्रभावित हुने आँकलन गरिएको छ, तसर्थ सतर्कता अपनाउन जरुरी छ ।' उनका अनुसार यस वर्षको मनसुन अवधिमा चार लाख १२ हजार घरधुरी मनसुनजन्य विपद्मा पर्ने आँकलन गरिएको छ । जल तथा मौसम विज्ञान विभागका प्रवक्ता सुनील पोखरेलले सोमबारदेखि मुलुकभर बाढीको जोखिम कम हुने जानकारी दिए । 'आज दिउँसो २ बजेसम्मको तथ्याङ्कअनुसार कुनै पनि




नदी बाढीको खतरा तहमा पुगेको छैन, मुलुकको विभिन्न नौ वटा नदीहरु सतर्कता तहमा छ', उनले भने, 'क्रमिक रुपमा नदीमा पानीको प्रवाह घटिरहेको छ, भोलिदेखि बाढीको खतरा तत्कालका लागि टर्नेछ ।' गृह मन्त्रालयको नेपाल विपद् जोखिम न्यूनीकरण पोर्टलअनुसार एक सातामा मुलुकको एक सय १० स्थानमा पहिरो गएको छ ।

बाढी जस्तै पहिराको पूर्वसुचनालाई प्रभावकारी बनाउन आवश्यक रहेको भू–गर्भविद् डा सुवोध ढकालले बताए । 'राजमार्गमा पहिराको सम्भावना बढी हुने भएकाले यात्रा गर्दा विशेष ध्यान दिऊ । जमिन चिरा देखिएमा तत्काल खाँदेर पुर्ने र पानी तर्काउने काम गरौँ, नसकेमा सुरक्षित स्थानमा बस्ने, जथाभावी भल बग्ने गरेको छ भने सामान्य कुलो बनाई पानीलाई एकीकृत गरी तर्काउनुपर्छ', उनले भने, 'तपाईं बस्ने स्थानमा पहिले पहिरो गएको छ भने निरन्तर निगरानी गर्ने, सुरक्षित स्थानमा बस्ने, जमिन अथवा पहरोमा अनौठो किसिमको कटकट आवाज सुनियो भने पहिरोको संकेत हुनसक्ने भएकाले सतर्क रही सूचना दिनुपर्छ ।' उनका अनुसार सुकिसकेका कुवा धारामा एक्कासी पानी आउन थाल्यो वा पानी आउने धारा कुवामा पानी सुक्न थाल्यो भने जमिन हलचलको सङ्केत हुनसक्छ ।

**२७ सडकखण्ड अवरुद्ध**

ललितपुरस्थित बागमती गाउँपालिकामा गएको पहिराले कान्ति लोकपथ पूर्ण रुपमा अवरोध भएको छ । संखुवासभास्थित मकालु गाउँपालिकामा गएको बाढीले दक्षिण कोशी राजमार्ग अवरुद्ध भएको प्रहरीले जनाएको छ । संखुवासभाकै भोटखोला गाउँपालिकामा बाढीले कोशी रोजमार्ग पूर्ण रुपमा अवरुद्ध छ । सुनसरी बराहक्षेत्र नगरपालिका–१ मा गएको पहिराले चतरा–बराहक्षेत्रको भित्री सडक अवरुद्ध छ । रसुवास्थित आमाछोदिङ्मो गाउँपालिका–५ मा गएको पहिराले स्याफ्रुबेसी–थाम्बुचेत सडकखण्ड पनि पूर्ण रुपमा अवरुद्ध भएको छ । चितवनस्थित इच्छाकामना गाउँपालिका–३ मा गएको पहिरोले पृथ्वीराजमार्ग एकतर्फी सञ्चालन छ । मकवानपुरस्थित भीमफेदी गाउँपालिका–४ मा गएको पहिरोले भिमफेदी–काठमाडौँ–हेटौँडा राजमार्ग एकतर्फी सञ्चालन छ । सोही गाउँपालिका–८ को पहिराले कान्ती लोकपथ एकतर्फी सञ्चालन छ । काभ्रेको रोशी गाउँपालिकामा गएको पहिराले बिपी राजमार्ग एकतर्फी सञ्चालन भएको छ । मनाङको चामे गाउँपालिकामा गएको बाढीले चामे–बेंसीसहर सडकखण्ड पूर्ण रुपमा अवरुद्ध भएको छ । म्याग्दी बेनी नगरपालिका–४ मा गएको पहिराले बेनी–दरबाङ सडक अवरुद्ध छ भने कुश्मा नगरपालिकामा गएको पहिराले बेनी–जोमसोम सडक अवरुद्ध छ । पर्वतको मुलढुङ्गा बेनी सडक र सिद्धार्थ राजमार्ग एकतर्फी रुपमा सञ्चालन छ । तनहुँको म्याम्दे गाउँपालिकामा गएको पहिरोले पृथ्वीराजमार्ग एकतर्फी सञ्चालन छ । नवलपरासीपूर्वको कालीगण्डकी करिडोर र बागलुङको मध्यपहाडी लोकमार्ग पहिरोकै कारण पूर्ण रुपमा अवरुद्ध छ । प्यूठानको स्याउलीवा बाग्दुला र भालुवाङ दाङ प्यूठान सडकखण्ड बाढी, पहिराका कारण अवरुद्ध छ । यसैगरी पाल्पाको सिद्धार्थ राजमार्ग, तम्घास–बुटबल सडक, कालीगण्डकी करिडोर एकतर्फी सञ्चालन भएको छ । गुल्मीको रिडी–बाग्लुङ सडकखण्ड, कालीगण्डकी करिडोर सडक, मदन भण्डारी राजमार्ग र अर्घाखाँचीस्थित गोरुसिङ्गे सन्धिखर्क सडकखण्ड, पाल्पा अर्घाखाँची सडकखण्ड पनि अवरुद्ध छ । रोल्पाको सहिद राजमार्ग अवरुद्ध छ । दाङको घोराही–तुल्सीपुर सडकखण्ड एकतर्फी भएको छ । कालीकोटको कर्णाली राजमार्ग अवरुद्ध छ । अछामको साँफे–मार्तडी, बैतडीको जयपृथ्वी राजमार्ग र डडेल्धुराको भिमदत्त राजमार्ग पूर्ण रुपमा अवरोध पुगेको छ । बैतडीको बझाङ–खोड्पे बैतडी सडकखण्ड र बाजुराको साँफे मार्तडी सडकखण्ड भने एकतर्फी रुपमा सञ्चालन रहेको नेपाल प्रहरीले जनाएको छ । रासस

# सीप सिकेपछि आत्मनिर्भर बन्दै
# सदा समुदायका महिला

**उदयपुर ।**
जिल्लाको त्रियुगा नगरपालिका–६ जलजलेस्थित दलित समुदायका महिला सीप सिकेपछि स्वरोजगार बन्दै गएका छन् । यसअघि परम्परागत पेसा ढकीमा माटो तथा गिटी बालुवा बोक्ने, जङ्गलबाट दाउरा सङ्कलन र बिक्री गरेर जीविकोपार्जन गर्दै आएका यहाँका महिला सीप सिकेपछि सिलाइ कटाइबाट आत्मनिर्भर बन्दै गएका हुन् । त्रियुगा–६ जलजलेका पाँच जना मुसहर परिवारका सदा महिलाले आफ्नो परम्परागत पेसा छाडेर सिलाइ कटाइको तालिम लिएपछि अहिले 'सिलाइ केन्द्र' सञ्चालन गरी स्वरोजगार बन्दै गएका जिल्ला सिलाइ कटाइ सङ्घकी संयोजक ज्ञानु प्रधानले बताइन् । दुई सय सदा महिलालाई तालिम दिएको बताउँदै प्रधानले पाँच जनाले सिलाइ केन्द्र सञ्चालन गरिरहेका जानकारी दिइन् । 'मुसहर जातिका महिला पढ्नलेख्न नपाउँदा परम्परागत पेसा गर्न बाध्य थिए । अहिले सीप सिकेपछि स्वरोजगारतर्फ उन्मुख भइरहेका छन्', उनले भनिन् । जिल्ला घरेलु तथा साना उद्योग महासङ्घ र त्रियुगा नगरपालिकाको सहयोगमा पटकपटक गरी दुई सयलाई सामान्य, मध्यम र 'एडभान्स' तालिम दिइएको भन्दै तालिम लिइसकेपछी पाँचजना सदा महिलाले केन्द्र सञ्चालनसँगै आफ्नो परम्परागत पेसा परिवर्तन गरेका संयोजक प्रधानले बताइन् । जलजले बजारमा 'प्रिन्सा सामूहिक टेलर्स' मार्फत सुनिता सदा, यशोदा सदा, रामवती सदा, फुलवती र दीपा सदा स्वरोगार बन्दै गएका हुन् । यशोदाले भनिन्, 'सिलाइ कटाइ तालिम लिएपछि सामुहिक रुपमा सिलाइ केन्द्र सञ्चालन गरी परम्परागत पेसा छोडेका छौँ । अहिले हामी व्यावसायिक सिलाइमा आबद्ध छौँ ।' सामान्य, मध्यम र एडभान्स गरी तीन चरणमा करिब एक वर्ष तालिम लिएको भन्दै तालिपछि व्यावसाय सञ्चालन गर्न सक्षम बनेको उनले बताइन् । नगरपालिका र साना घरेलु



उद्योग महासङ्घको सहयोगमा पाँच वटा सिलाइ मेसिनसमेत सहयोग प्राप्त गरेपछि पाँच महिनादेखि सामूहिक टेलर्स सञ्चालन गरिरहेको रामवतीले जानकारी दिइन् । आफूहरु समुदायमा पनि दलित परिवारमा पर्ने भएकाले विद्यालय पढ्न नपाएको तथा सानैदेखि परम्परागत काम गर्न बाध्य रहेको बताउँदै तालिम पश्चात् आत्मनिर्भर बन्दै गएको उनले उल्लेख गरिन् । 'सानैदेखि जङ्गलको दाउरा बोकेर बिक्री गर्ने, जङ्गल तथा खेतबाट घर पोत्ने माटो ढकीमा बोकेर बिक्री गर्ने, घर निर्माणका लागि गिटी, बालुवा, सिमेन्टलगायत सामग्री बोकेर जीविकोपार्जन गर्दै आएका थियौँ', रामवतीले भनिन्, 'अहिले केन्द्र सञ्चालन गरेपछि काममा सहजता हुनुका साथै आर्थिकस्तरमा पनि सुधार हुँदै भएको छ ।' उनले अन्य गाउँले दिदीबहिनलाई सीप विकास गरी स्थानीयस्तरमा स्वरोजगारका अवसर सिर्जना गर्नेतर्फ सबै लाग्नुपर्नेमा जोड दिइन् । सिलाइ समूहकी अध्यक्ष यशोदाले महिलाले लगाउने हरेक किसिमका कपडा सिलाउने सीप तालिमबाट सिकेको बताउँदै पुराना कपडा मर्मत, कटाइ, पुरुषले लगाउने सर्ट, पाइन्ट, कोटसहित स्कूल, कलेजका पोसाकहरु सिलाइ गरिने जानकारी दिए । केन्द्रमा सबै खर्च कटाएर एक लाख रुपैयाँसम्मको सिलाइ कार्य गर्ने गरेको यसोदा बताउँछिन् । परम्परागत पेसा छाडेर सिलाई कटाइमा आबद्ध भएकी सुनिताले सानैदेखि शारीरिक परिश्रम गरेको सम्झदै पढ्नलेख्न पनि नपाएको बताइन् । 'सिलाइसम्बन्धी सीप सिकेपछि यो काम गर्न सहज भएको छ । महिलाले सीप सिकेर यस्ता काममार्फत स्वरोजगार बन्नेतर्फ लाग्नु पर्छ', उनले भनिन् । पटकपटक गरेर करिब १४ महिना तालिम लिएपछि आफू सक्षम भएको सुनिताको भनाइ छ । केन्द्रबाट सामूहिक रुपमा मासिक ८० हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म आम्दानी भइरहेको उनले जानकारी दिइन् । 'परम्परागत पेसा छोडेसँगै बिस्तारै गाउँका अन्य महिलालाई पनि केन्द्रमा आबद्ध गराउन पहल गर्नेछौँ', उनले भनिन् । लामो समयदेखि सुकुम्बासी भएर बस्दै आएका त्रियुगा–६ जलजलेका पाँचजना सदा महिला स्वरोजगार बनेको देखेपछि गाउँका अन्य पनि प्रेरित हुँदै गएका सुनिताका बुबा ७० वर्षीय जीवेन्द्र सदाले बताए । महिलाले सीप सिकेर अर्थिक आम्दानीका स्रोत विकास गरी सहज जीवनयापनतर्फ अग्रसर हुनुपर्ने उनले सुझाव दिए । 'छोरीलाई दुःखका कारण सानोमा पढाउन सकिन, अहिले सिलाइ सीप सिकेर राम्रो कमाई गर्न थालेकोमा खुशी लागेको छ', जीवेन्द्रले भने, 'छोरीले परिवारलाई पनि कपडा सिलाएर लगाइदिने गरेकी छिन् । यसअघि बाहिर सिलाउनुपर्दा खर्च बढी लाग्ने र टिकाउ पनि नहुने हुँदा सास्ती थियो ।' सिलाइ कटाइ सङ्घकी संयोजक प्रधानले भनिन्, 'यहाँका दुई सयमध्ये पाँच जनाले व्यवसाय सञ्चालन गरेर उदाहरणीय काम गर्नुभएको छ । अन्य महिलाले पनि आफूले सिकेको सीपको सदुपयोग गरी आत्मनिर्भर बन्दै जानुपर्ने अवस्था आएको छ ।' आफूले सिकाएको सीपमार्फत स्वरोजगार बनेका देख्दा निकै उत्साहित भएको उनले बताइन् । त्रियुगा–६ को जलजलेमा ९८ सदा परिवार बसोबास गर्दै आएका छन् ।

# लोककल्याणकारी विज्ञापनको भुक्तानी गर्न माग



**मधेशदृष्टि**
**वीरगंज ।**
समाजवादी प्रेस संगठन नेपाल पर्साले वीरगंज महानगरपालिकाको लोककल्याणकारी विज्ञापनको भुक्तानी गर्न माग गरेको छ । संगठनले आईतबार नगर प्रमुख राजेशमान सिंहसँग भेट गरि चालु आर्थिक वर्षको भुक्तानी निकासा बन्द हुन एक दिन बाँकी रहँदा पनि भुक्तानी नभएको भन्दै गुनासो गरेको थियो ।
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावलीको नियम ३० मा आर्थिक वर्ष समाप्त हुन एक साताअघि भुक्तानी निकासा बन्द गर्नुपर्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम असार २४ गते मध्यरातदेखि सबै सरकारी खाता एक हप्ताका लागि बन्द हुने भएको छन् ।
आर्थिक बर्ष २०८०÷०८१ को लोककल्याणकारीको तेस्रो र अन्तिम किस्ताको भुक्तानी अहिले सम्म भएको छैन । दुई वटा किस्ता वापतको रकम भुक्तानी नहुँदा वीरगंजका संचारमाध्यहरु मर्कामा परेकोबारे संगठनले नगर प्रमुखको ध्यानाकर्षण गराएको छ । नगर प्रमुख सिंहले सोमबारसम्म बाँकी रहेको सबै संचारमाध्यमको लोककल्याणकारीको भुक्तानी गर्न आश्वासन दिए । उनले भेटघाट कै क्रममा प्रमुख प्रशासकीय अधिकृत र लेखा शाखा प्रमुखलाई संचारमाध्यमको भुक्तानी गर्न निर्देशन दिए ।
समाजवादी प्रेस संगठन पर्साका अध्यक्ष शम्भु कुमार सुमनको नेतृत्वमा गएको डेलिगेशन टोलीमा संगठनका केन्द्रिय सचिव बृजलाल पासवान, केन्द्रिय सदस्य मनोज पटेल, सल्लाहकार संजय साह, पर्सा जिल्ला उपाध्यक्ष हरिशंकर शर्मा, कोषाध्यक्ष संतोष साह, सहसचिव श्याम सर्राफ, सदस्य प्रदिप साह, रामेश्वर चौरसिया लगायतका संचारकर्मीहरुको सहभागिता रहेको थियो ।

# महानगरले जित्यो रंगशाला अगाडिको जग्गाको मुद्दा

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजको आदर्शनगर रंगशालाको अगाडीको सार्वजनिक जग्गाको विवादमा एक दशकपछि सर्वोच्चले वीरगंज महानगरको पक्षमा फैसला दिएको छ । उक्त सार्वजनिक जग्गा आफ्नो रहेको भन्दै जुगुनु राज्य लक्ष्मी शाहले जिल्ला अदालत र तत्कालिन पुनरावेदन अदालत हेटौँडाबाट समेत आफ्नो पक्षमा फैसला गराउन सफल भएको भए पनि सर्वोच्च अदालतले आइतबार महानगरको पक्षमा फैसला सुनाएको हो । जिल्ला र पुनरावेदन अदालतको फैसला चित्त नबुझेको भन्दै मुद्धा दोहोर्याई हेरी पाउँ भनि तत्कालिन वीरगंज उपमहानगरपालिका (हाल वीरगंज महानगरपालिका)ले २०६८ साउन २० गते सर्वोच्च अदालतमा निवेदन दिएको थियो । सर्वोच्चले २०७१ असार २० गते मात्रै मुद्धा दोहोर्याई हेरी पाउने निस्सा दिएको थियो । त्यसपछि पटक पटक पेशी चढेर विभिन्न आदेश हुँदै आइतबार भने सर्वोच्च अदालतका न्यायाधीशद्वय डा.कुमार चुडाल र कुमार रेग्मीको संयुक्त इजलासले जिल्ला र पुनरावेदन अदालतको फैसला उल्टाउँदै उक्त जग्गा महानगरपालिकाको हुने फैसला दिएको हो । यो सँगै वर्षौदेखि देखिएको उक्त जग्गाको विवाद निरुपण भएको छ ।




सर्वोच्चमा महानगरको पक्षबाट अधिवक्ता कमलमोहन पोखरेल, प्रमोद प्रसाद, सुरेश पोखरेल, इश्वर बराल र धन बहादुर थापाले बहस गरेका थिए । जुगुनुको तर्फबाट भने पूर्व महान्यायाधिवक्ता समेत रहेका महादेव यादव, वरिष्ठ अधिवक्ता हरिहर दाहाल, सुधिर कर्ण लगायत ८ जनाले बहस गरेका थिए । तत्कालिन छपकैया गाउँ पञ्चायत वडा नं. ७ हाल वीरगंज महानगरपालिका वडा नं. १० आदर्शनगर रंगशाला अगाडीको कित्ता नं. ५७ को करोडौं मुल्य पर्ने ३ कट्ठा ९ धुर जग्गा अब महानगरको अधिनमा आएको छ । नगर विकास समितिले त्यसबेला अधिग्रहण गरेर लिएको उक्त जग्गा व्यक्ति विशेषले आफ्नो बनाउन लागि परेका थिए ।
सर्वोच्चको आदेशसँगै सार्वजनिक जग्गा व्यक्तिगत बनाउन खोज्नेहरुको प्रयास विफल भएको छ । अतिक्रमित सार्वजनिक जग्गाको खोजी गर्दै खाली गराउने अभियानका साथै विभिन्न समयमा अदालतमा जाहेर भएका जग्गा सम्बन्धी मुद्धाहरुमा समेत प्रमाण संकलन गरेर महानगरले आफ्नो पक्षमा ल्याउने काम गरिरहेको उनले बताए । यस अघि जीपी फाउण्डेसनको नाममा अतिक्रमण गरेर कांग्रेस नेता समेत रहेका मोहम्मद साहबुद्धिनले व्यक्तिगत प्रयोजनमा प्रयोग गर्दै आएको आदर्शनगरकै १ कट्ठा जग्गा समेत आफ्नो पक्षमा ल्याउन महानगर सफल भएको थियो ।

# ५२ किसिमका रोग सङ्क्रामकको सूचीमा

**मधेशदृष्टि**
**वीरगंज ।**
सरकारले ५२ संक्रामक रोगलाई राजपत्रमा सूचीकृत गरेको छ । जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ४९ को उपदफा १ का आधारमा संक्रामक रोगको सूची तयार पारिएको हो । रेबिज, क्षयरोग, कोभिड–१९, डेंगु, जापनिज इन्सेफलाइटिस, हैजा, धनुष्टङ्कार, एचआईभी एड्स, इन्फ्लुएन्जा, जुनोटिक र सिजनल, स्क्रब टाइफस, म्यादे ज्वरो, कालाजार, रोटा भाइरस, हाडे, टोक्सोप्लाज्मोसिस, ट्रकोमा, इबोला भाइरसलाई संक्रामक रोगमा सूचीकृत गरिएको छ । यस्तै, हात्तीपाइले, साल्मोनेलोसिस, क्रिमियन काङगो हेमोरेजिक, मारबर्ग भाइरल डिजिज्, सार्स, कमलपित्त ए, एमईआरएस, प्लेग, लिजियोनेलोसिस, इचिनोकोकोसिस, भ्यागुते रोगलाई पनि संक्रामकको सूचीमा राखिएको छ । सरकारले निमोकोकल निमोनिया, कमलपित्त बी, औलो ज्वरो, एच इन्फ्लुएन्जा, ब्रिसेलोसिस, कुष्टरोग, लहरे खोकी, कमलपित्त सी, निपाह भाइरस इन्फेक्सन एमपक्स, बिफर, येल्लो फिवर, कमलपित्त इ, सिटिस्टसकोसिस, चिननगुनिया, जिका, क्यु फिवर, लासा फिवर र रिफ्ट भ्याली फिवरलाई संक्रामक रोग भनेको छ । इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखामा कार्यरत डा. सागर दाहालका अनुसार ५२ वटालाई सरुवा रोग घोषणा गरेपछि अब यसको आधारमा रिपोर्ट र उपचार गर्ने व्यवस्था मिलाउन सहज हुन्छ । डा. दाहालले अनलाइनखबरसँग भने, 'जनस्वास्थ्य ऐनमा भएको प्रावधानलाई कार्यान्वयन गर्नका लागि सयौं रोगमध्ये प्राथमिकताको आधारमा ५२ वटाको नाम सूचीकृत गरेका हौं ।'
उनका अनुसार स्थानीय स्वास्थ्य संस्थामा ५२ मध्ये कुनै पनि रोग पत्ता लागेमा त्यसको जानकारी केन्द्र र प्रदेश सरकारलाई रिपोर्ट गर्नुपर्ने हुन्छ ।

सूचना ! सूचना !! सूचना !!!
डिभिजन वन कार्यालय सप्तरी, राजविराजद्वारा मिति: २०८१/03/१0 गतेदेखि वन प्रजातिका विरूवाहरू तपसिल बमोजिमका नर्सरीहरूबाट
निःशुल्क वितरण हुन गईरहेकोले



सर्वसाधारणहरूलाई निजी जग्गा तथा सार्वजनिक जग्गामा विरूवा रोप्न अनुरोध छ ।
तपसिलका नर्सरीहरु
१. कञ्चनपुर वन नर्सरी
२. सितापुर वन नर्सरी
३. रुपनी वन नर्सरी
४. कल्याणपुर वन नर्सरी
५. दौलतपुर वन नर्सरी
अनुरोधक:
डिभिजन वन कार्यालय, सप्तरी
राजविराज

"Not just knowledge, we create leadership"
Kshitiz Estd: 2010
ADMISSION OPEN !!
10+2 Management



क्षितिज कलेज
राजविराज-२, तेतरीगाछी
Contact us: 031-530751,9852820870,9801520751,9801523244

# युवालाई नीति निर्माण र सुशासनबारे तालिम

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
सुशासनमा सहभागि बनाउन मधेश प्रदेशको युवालाई तालिम दिइएको छ । अमिरिकी दुतावास नेपालको सहयोगमा पोखरा रिसर्च सेन्टरको आयोजनामा 'युथ इन पोलिसी एन्ड गोवेर्नेंस' (वाईपीजी) फेलोशिप कार्यक्रम अन्तरगत तेस्रो चरणको तालिम सम्पन्न भएको हो । युवालाई नीति निर्माण र सुशासनमा सहभागी गराउने र नयाँ पुस्तालाई सामाजिक नेतृत्वमा सशक्त बनाउने उदेश्यका साथ मधेश प्रदेशका युवाहरुलाई प्रशिक्षण तालिम दिइएको आयोजक संस्थाका प्रतिनिधि सौरभ वाग्ले जानकारी दिए । उनका अनुसार मधेश प्रदेशको ८ वटा जिल्लाबाट तीन सय ७० आवेदन परेको थियो । जसबाट पहिलो चरणमा गत चैत २८ गते ५० आवेदकलाई प्रशिक्षण दिइएको थियो । उक्त ५० सहभागिको रुची, पढाई, उत्सुकता र क्षमताको अधारमा गत जेठ ३ गते पुनः २६ जनालाई दोस्रे चरणमा प्रवेश गराई प्रशिक्षण दिइएको थियो । र, उक्त २६ बाट यही असार २० गतेदेखि १२ जनालाई सार्वजनिक नीति र शासनको जटिलताहरूमा कार्यशाला गराइएको थियो । अव यी १२ जना फेलोहरुले मधेश प्रदेश सभाका सदस्यहरूसँग ६ महिना ज्ञान र अनुसन्धान सहायकको



रूपमा काम गर्ने आयोजक संस्थाकै अर्का प्रतिनिधि सुजता ढकालले बताइन् । उनका अनुसार फेलोको अध्ययन तथा अनुसन्धानले मुख्यतः बहुआयामिक मुद्दामा काम गर्ने छन् । 'सार्वजनिक सेवाको सम्प्रेषण, सुशासन, वातावरणका मुद्दा, र अर्थतन्त्र,' उनले भनिन, 'यसले फेलोहरुको व्यक्तित्व विकाससंगै तथ्यमा आधारित नीति निर्माण भएर सरकारलाई टेवा पुग्ने विश्वास गरिएको छ ।' फेलोहरुले विषेश गरेर प्रदेशसभाका सहस्यहरुका लागि अध्ययन तथा अनुसन्धान गरी सभामा प्रश्न गर्नका लागि प्रश्नहरुको मौस्यौदा बनाउने, सदनमा छलफलका लागि कागज तयार गर्नुका साथै सार्वजनिक महत्वका विषयहरुलाई उठाउन सहयोग गर्ने छन् ।
यस फेलोसिप अन्तर्गत २० देखि ३० वर्ष उमेर समूहका कम्तीमा स्नातक तहमा अध्ययनरत युवाहरुलाई सहभागी गराइएको छ । मधेश प्रदेशको सबै जिल्लाको सहभागि हुने गरी छनौट गरिएको फेलोमा ५० प्रतिशत महिलाको सहभागिता रहेको छ ।
प्रशिक्षणको दौरान मधेश प्रदेशको सांसदहरुसंग युवाहरुलाई अन्तरक्रिया गराइएको थियो । सांसदहरुले यस तालिमले सांसदहरुलाई सहयोग पु¥याउने विश्वास व्यक्त गरे ।

# चौध किलो चाँदीका गहनासहित तीन पक्राउ

**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइबी)ले १४ दशमलव २५० किलो चाँदीको गरगहनासहित तीन जनालाई पक्राउ गरेको छ ।
चाँदीका अवैध गरगहना भण्डारण र बिक्री वितरणमा संलग्न भारतीय नागरिक २२ वर्षीय अमनकुमार, २६ वर्षीय बिकीकुमार साह तथा पर्साको लिपर्नीबिर्ता–६ का ३४ वर्षीय श्रवणप्रसाद कानुनलाई पक्राउ गरिएको सिआइबीका प्रहरी उपरीक्षक होबिन्द्र बोगटीले जानकारी दिए ।
प्रहरीले काठमाडौँको सानो गौचरनस्थित अटो सर्भिसेज प्रालिको अटो वर्कशपभित्र रोकी राखेको अवस्थामा भारतीय नम्बरको बिआर ०६ यु ९०५३ नम्बरको कार चेक गर्दा उक्त कारको डिकीमा लुकाईछिपाई राखेको अवस्थामा सो परिणामको चाँदीको गरगहना बरामद गरेको थियो । सिआइबीले अवैध चाँदीका गहना र सोको भण्डारण र बिक्रीवितरणमा संलग्नलाई आवश्यक कारबाहीका लागि राजस्व अनुसन्धान विभागमा पठाएको छ ।
ललितपुरबाट काठमाडौँतर्फ आउँदै गरेको सो भारतीय नम्बरको कारमा अवैध रुपमा चाँदीको गरगहना ल्याई अवैध रुपमा काठमाडौँका विभिन्न स्थानमा बिक्री वितरण गर्न लागेको भन्ने सूचनाका आधारमा सिआइबीले यही असार २१ गते उनीहरुलाई पक्राउ गरेको थियो ।

ईन्स्टिच्युट अफ हेल्थ रिसर्च डेभलपमेन्ट प्रा. लि.
Institute of Health Research Development Pvt. Ltd.
भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!
मधेश प्रदेशको सबैभन्दा पहिलो २०५२ सालदेखि संचालनमा रहेको ईन्स्टिच्युट अफ हेल्थ केयर रिसर्च डेभलपमेन्ट प्रा.लि., जनकपुरधाम-४, धनुषामा शैक्षिक सत्र २०८१/०८२ को लागि स्वास्थ्य तर्फको सामान्य चिकित्सा हेल्थ असिस्टेन्ट ३ वर्षे कोर्षमा भर्ना खुलेकोले SLC/SEE पास विद्यार्थीहरुले प्रवेश परीक्षा आवेदन फारम भर्नुहोस् ।
तपसिल
१. फारम भर्ने मिति : २०८१/०३/१६ गतेदेखि २०८१/०४/१३ गते दिउँसो २ बजेसम्म
२. प्रवेश परीक्षा मिति : २०८१/०४/१९ गते, बिहान ८ बजे
३. सम्पर्क स्थान : ईन्स्टिच्युट अफ हेल्थ रिसर्च डेभलपमेन्ट, प्रा.लि., जनकपुरधाम-५, धनुषामा, कर्मचारी संचयकोष कार्यालयदेखि (करिब ५० मिटर) दक्षिण
☎ ०४१-४२२६७९/९८४६०७३३००/९८४४२२०९६८/९८४४०५३९५५/९८२७८३४१८४
नोट:- यस ईन्स्टिच्यूटमा २०५२ साल देखि अ.हे.व./अ.न.मी. कार्यक्रमहरु साथै २०७१ सालदेखि सामान्य चिकित्सा H.A. ३ वर्षे कार्यक्रम संचालनमा रहेको समेत जानकारी गराईन्छ ।
- प्रिन्सिपल

# मधेशमा २६ प्रतिशत मात्रै धान रोपाइँ

**मधेशदृष्टि**
**वीरगंज ।**
आइतबारसम्म देशभरि ३९ प्रतिशत धान रोपाइँ भएको छ । कृषि विभागका अनुसार धान रोपाइँ हुने कुल क्षेत्रफल १३ लाख ९८ हजार २७३ हेक्टर मध्ये ५ लाख ३९ हजार ८ सय हेक्टर अर्थात ३९ प्रतिशत धान रोपाइँ भएको हो । यो पटक २३ असारसम्म गत वर्षभन्दा ४ प्रतिशतले कम रोपाइँ भएको हो । गत वर्ष २३ असारसम्म ४२ दशमलव ९ प्रतिशत अर्थात ६ लाख ४२ हजार २८४ हेक्टरमा रोपाइँ भएको थियो ।

**सुदूरपश्चिममा धेरै मधेशमा कम**

देशभरि भएको रोपाइँ मध्ये सबैभन्दा धेरै सुदूरपश्चिम प्रदेशमा भएको छ । सुदूरपश्चिममा करिब ६० प्रतिशत धान रोपाइँ भएको छ । १ लाख ७४ हजार ५७६ हेक्टर धान रोपाइँ हुने क्षेत्रफल मध्ये १ लाख हेक्टरभन्दा माथि रोपाइँ भइसकेको हो । यस्तै गण्डकी प्रदेशमा ४९.७ प्रतिशत, कर्णालीमा ४८ प्रतिशत, लुम्बिनीमा ४४.४ प्रतिशत रोपाइँ भइसकेको विभागले जनाएको छ ।
बागमती प्रदेशमा ४०.२ प्रतिशत रोपाइँ हुँदा कोशी प्रदेशमा ३५ प्रतिशत रोपाइँ भइसकेको विभागले जनाएको छ । सबैभन्दा कम मधेश प्रदेशमा करिब २६ प्रतिशत धान रोपाइँ भएको छ ।
३ लाख ८३ हजार १५० हेक्टर मध्ये ९७ हजार ९ सय हेक्टर रोपाइँ भएको हो ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन